सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ माघ २०८०, शनिबार (10 Feb 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २९२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

इ-भिसा सुरु

नेपाल आउन चाहने विदेशीले अब अनलाइनबाटै भिसा लिन सक्ने



इ-भिसा प्रणालीको उद्घाटन गर्दै गृहमन्त्री नारायणकाजी श्रेष्ठ

टेकराज थामी/नयाँ पत्रिका

नेपाल आउन चाहने विदेशी नागरिकले अब संसारको जुनसुकै ठाउँबाट भिसा लिन सक्ने भएका छन्। अध्यागमन विभागले 'इ-भिसा' प्रणाली लागू गरेपछि नेपाल आउन चाहने विदेशी नागरिकले जुनसुकै ठाउँबाट भिसा लिन सक्ने भएका हुन्।

विभागले शुक्रबारबाट इ-भिसा प्रणाली कार्यान्वयनमा ल्याएको छ, जसलाई विभागले इटिए (इलेक्ट्रोनिक ट्राभल अथोराइजेसन) भनेको छ। यो इ-भिसाको पूर्वअभ्यास हो। विदेशबाट पनि भिसाबापतको शुल्क भुक्तानी गर्न सक्ने प्रणाली विकास गरिएपछि यसलाई इ-भिसा नै भनिनेछ।

जहाँबाट पनि भिसाबापतको शुल्क भुक्तानी गर्न मिल्ने गराउन सुरुमा नेपाल सरकारले डलर खाता खोल्नुपर्नेछ। विभागका अनुसार आगामी चैत मसान्तभित्र डलर खाता खोलिसकिनेछ। र, विदेशी नागरिकले जुनसुकै कुनाबाट भिसाबापतको भुक्तानी गर्न सक्नेछन्। हाल विदेशी नागरिकले

» पृष्ठ २ मा क्रमशः



रुद्रसिंह तामाङ
महानिर्देशक, अध्यागमन विभाग

इ-भिसा प्रणालीको सुरुवात भएको छ। नेपाल आउन चाहने विदेशी नागरिकले संसारको जुनसुकै कुनाबाट अब भिसा लिन सक्ने भएका छन्। डलर खाता नभएसम्म भिसाबापतको शुल्क भने नेपाली बैंकिङ प्रणालीबाट नै भुक्तानी गर्नुपर्नेछ। खाता खोलिएपछि संसारको जुनसुकै बैंकबाट भिसाबापतको शुल्क भुक्तानी गर्न सकिनेछ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

उच्च शिक्षामा अत्यधिक 'ड्रपआउट'

उपत्यकाका धेरै विद्यार्थी भर्ना हुने क्याम्पसमा 'ड्रपआउट' ठूलो समस्या, वैदेशिक अध्ययन, पारिवारिक जिम्मेवारी र रोजगारी प्रमुख कारण

शिवहरि घिमिरे/नयाँ पत्रिका

उदाहरण १

चाबहिलमा रहेको जिपी कोइराला मेमोरियल कलेजमा ०७७ मा बिबिएस प्रथम वर्षमा भर्ना हुने विद्यार्थी ६ सयजना थिए। सो ब्याच अहिले चौथो वर्षमा पुगेको छ। तर, पहिलो वर्षमा भर्ना भएका अधिकांश विद्यार्थी चौथो वर्षसम्म आइपुग्दा गायब छन्। हाल बिबिएस चौथो वर्षमा भर्ना भएर पढ्दै गरेका विद्यार्थी जम्मा ७५ जना मात्रै छन्। यस्तै, यहाँ बिएतर्फ ०७७ मा प्रथम वर्षमा भर्ना हुन तीन सय विद्यार्थी आएका थिए। तर, हाल चौथो वर्ष पुग्दा उक्त संख्या घटेर एक सय ३५ मा झरेको छ। बिएडतर्फ पनि विद्यार्थीको संख्या न्यून देखिन्छ। बिएड पहिलो वर्षमा भर्ना हुँदा दुई सय विद्यार्थी आएका थिए। तर, हाल ७५ जना मात्रै चौथो वर्षमा पढ्न आएका छन्। अन्य विद्यार्थी कहाँ छन् क्याम्पस प्रशासनलाई समेत पत्तो छैन। त्यस्तै, बिसिएमा ३५ जना विद्यार्थी भर्ना भए पनि चौथो सेमेस्टरको परीक्षा दिँदासम्म १७ जना मात्रै छन्।

उदाहरण २

चाबहिलमै रहेको पशुपति क्याम्पसमा ०७७ मा बिबिएसतर्फ सात सय विद्यार्थी भर्ना भएका थिए। तर, उक्त ब्याच हाल चौथो वर्षमा पुगेको छ। अहिले बिबिएस चौथो वर्षमा अध्ययनरत विद्यार्थी संख्या दुई सयहाराहारी छ। अन्य पाँच सय विद्यार्थी पढ्दापढ्दै 'ड्रपआउट' भए। सोही क्याम्पसमा ०७७ मै बिए पहिलो वर्षमा तीन सय विद्यार्थी भर्ना भएका थिए, तर चौथो वर्ष पुग्दासम्म दुई सय विद्यार्थी गायब भएर हाल बिए चौथो वर्षमा अध्ययनरत विद्यार्थी संख्या सय रहेको छ। बिएड (शिक्षाशास्त्र संकाय)मा पनि प्रथम वर्षमा तीन सय विद्यार्थी भर्ना भएका थिए भने अहिले चौथो वर्षमा पढ्दै गरेका विद्यार्थी जम्मा सय छन्।

क्याम्पस प्रमुख विनोदचन्द्र पन्तका अनुसार यस वर्ष बिबिएस प्रथम वर्षमा भर्ना हुन आउने विद्यार्थी संख्या पनि खस्कँदो छ। 'यस क्षेत्रमा सबैभन्दा बढी विद्यार्थी हुने क्याम्पस पशुपति नै हो, तर अहिले विद्यार्थी संख्या घट्दो छ,' उनले भने, 'सबै तह र संकायमा गरी भर्ना भएकामध्ये ५५ प्रतिशत विद्यार्थी 'ड्रपआउट' हुन्छन्।'

पशुपति क्याम्पसमा कक्षा ११ देखि स्नातकोत्तर तहसम्म पठनपाठन हुन्छ। सबै तहका गरेर हाल ६ हजार हाराहारी विद्यार्थी संख्या रहेको क्याम्पस प्रमुख पन्तले जानकारी दिए। उनका अनुसार तीन वर्षअघि समग्र विद्यार्थी संख्या नौ हजारहाराहारी थियो, तर पछिल्लो दुई-तीन वर्षमा सबै तहमा विद्यार्थी संख्या खस्कँदो छ।

क्याम्पसमा विद्यार्थीको खडेरी पर्ने अवस्था देखिन थालेको छ।

» पृष्ठ २ मा क्रमशः

■ 'ड्रपआउट'को कारण के हो ?

केदारभक्त माथेमा, शिक्षाविद्

अधिकांश विद्यार्थी काम गर्दै पढ्न पाइने भएकाले विदेश जान्छन्, यहाँ त्यस्तो वातावरण छैन



विज्ञ र सरोकारवालाका अनुसार उच्च शिक्षामा ठूलो संख्यामा विद्यार्थी 'ड्रपआउट'का कारण धेरै छन्। शिक्षाविद् केदारभक्त माथेमाले उच्च शिक्षाका लागि बाहिर जाने विद्यार्थीकै कारण 'ड्रपआउट' धेरै भएको बताउँछन्। विद्यार्थी बिदेसिनुको मुख्य कारण रोजगारसँग जोडिएको उनको बुझाइ छ। 'अधिकांश विद्यार्थी काम गर्दै पढ्न पाइने भएकाले विदेश जान्छन्, यहाँ त्यस्तो वातावरण छैन, काम प्रशन्त नभएकाले नेपालका विद्यार्थी बाहिरिएका हुन्,' उनले भने, 'विदेश जान लागेका विद्यार्थीसँग पनि सोधेको थिएँ, उनीहरूले काम गर्दै पढ्न पाइने र यहाँ ब्याचलर सक्न धेरै वर्ष लाग्ने भएकाले विदेश जान लागेको तर्क दिएका थिए।' उनले नेपालको शिक्षा पनि महँगो भएकाले विद्यार्थीले थेग्न नसकेको बताउँदै यस्तै अवस्था हुने हो भने बिदेसिने विद्यार्थीको संख्या बढ्दै जाने बताए।

शिक्षा मासिकका प्रधानसम्पादक राजेन्द्र दाहालले नेपालको नेतृत्वप्रति युवाहरूको विश्वास र रोजगारीको अवसर नहुँदा विद्यार्थी बिदेसिने क्रम बढेको बताए। 'देशमा योग्य भएको व्यक्तिको पनि कदर हुँदैन भन्ने भाव नयाँ पुस्तामा छ, उनीहरू नेतृत्व तथा राज्य प्रणालीलाई विश्वास नै गर्दैनन्, अर्को कुरा पढाइमा लगानी गरेअनुसारको प्रतिफल देख्दैनन्,' उनले भने, 'रोजगारी र विश्वासको वातावरण नभएपछि विद्यार्थी विदेश गइरहेका छन्।'

शिक्षाविद् विद्यानाथ कोइरालाले देशको व्यवस्थाले विद्यार्थीको चाहना बुझ्न नसकेको बताए। 'विद्यार्थीले पार्टटाइम पढाइ र पार्टटाइम जब खोजिरहेका छन्,' उनले भने, 'तर, हामीले उनीहरूको मनसाय बुझ्नैनौं, विद्यार्थीको सोच बुझ्नुपर्छ, पढाइसँगसँगै रोजगार दिन सक्नुपर्छ। ड्रपआउट हुनु विद्यार्थीको दोष होइन, सरकारको हो।'

पशुपति क्याम्पसका क्याम्पस प्रमुख विनोदचन्द पन्तका अनुसार 'ड्रपआउट' हुनेमध्ये सबैभन्दा बढी विद्यार्थी स्नातक तहका छन्। नेपालमा रोजगारको अवसर नहुनु, व्यवसाय गर्न झन्झट र व्यवसायमैत्री वातावरण नहुनु, बिए, बिबिए, बिएड कार्यक्रमलाई चारवर्षे बनाउनु, पारिवारिक बाध्यता, त्रिविले समयमै नतिजा सार्वजनिक नगर्नुलगायत कारण विद्यार्थीले बीचमै पढाइ छाड्ने गरेका छन्। 'सरकारी नियम सही नभएका कारण विद्यार्थी दिक्दार छन्, उनीहरू पढ्दापढ्दै बेचैन भएर विदेश जाने वा 'ड्रपआउट' हुन्छन्,' क्याम्पस प्रमुख पन्तले भने, 'त्रिविमा स्नातक तह पढेर सर्टिफिकेट हात पर्दा ६ वर्ष लाग्छ, यस्तो अवस्था भए पनि विद्यार्थी कसरी टिकाउने ? अहिले विदेश जानका लागि रनिङ लेटर बनाउन आउनेको संख्या अत्यधिक छ।'

पाँच वर्षमा बाहिरिए चार लाख ४ हजार १३९ विद्यार्थी




नेपालबाट उच्च शिक्षाका लागि बिदेसिने विद्यार्थीको संख्या उच्च देखिन्छ। शिक्षा मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाको तथ्यांकअनुसार पाँच वर्षमा चार लाख चार हजार १३९ विद्यार्थी बाहिरिएका छन्। त्यस्तै, ०८०/८१ को पुस समान्तसम्म ५१ हजार ६३१, ०७९/८० मा एक लाख १० हजार २१७ जना, ०७८/७९ मा एक लाख १७ हजार, ०७७/७८ मा २७ हजार ९००, ०७६/७७ मा ३४ हजार ९६ र ०७५/७६ मा ६३ हजारजना छन्।

ड्रपआउटको तथ्यांक राख्दैन त्रिवि

पढ्दै गरेकामध्ये कति 'ड्रपआउट' भए भन्ने यकिन तथ्यांक त्रिविसँग छैन। स्नातक तह र स्नातकोत्तर तहको पहिलो वर्ष तथा सेमेस्टरमा भर्ना भएका विद्यार्थी अन्तिम वर्ष तथा अन्तिम सेमेस्टरसम्म पुग्दा ४० प्रतिशत 'ड्रपआउट' हुन्छन्। त्रिविका आंगिक तथा निजी क्याम्पसहरूमा पाँच लाख १७ हजार हाराहारी विद्यार्थी स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत छन्। हाल स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्न भर्ना भएका विद्यार्थीको तथ्यांक मात्रै त्रिविले राख्ने गरेको छ, बीचमै पढाइ छाड्नेको तथ्यांक राखेको छैन।

झन् नयाँ

जब तीन दाजुभाइ
एकैपटक सगरमाथा शिखरमा पुगे



खुसी लाग्यो, दुःख पनि।
दिमागमा बुबा-आमाको मात्रै याद आयो।
किनभने हामी तीनै भाइ सगरमाथाको
शिखरमा थियौं, केही भइहाल्यो भने... !

परिस्थिति फेरियो
मनस्थिति पनि फेरियो



● **नेत्रविक्रम चन्द विप्लव**, महासचिव, नेपाल कम्युनिस्ट पार्टी

विदेशमा रहेका नेपालीलाई मतदाताको व्यवस्थाबारे दलहरूसँग आयोगको परामर्श

नयाँ पत्रिका

निर्वाचन आयोगले संघ र प्रदेश संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूसँग परामर्श गरेको छ। प्रतिनिधिसभा र प्रदेश सभामा प्रतिनिधित्व गर्ने १५ राजनीतिक दलका प्रतिनिधिसँग विदेशमा रहेका नेपालीलाई मताधिकार सुनिश्चित गर्न सर्वोच्च अदालतको आदेश कार्यान्वयन, विदेशमा रहेका नेपालीलाई मतदानको व्यवस्था र स्थानीय तहबाटै मतदाता नामावली दर्ताको विषयमा छलफल गरिएको आयोग प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए।

छलफलमा प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले 'विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८०' र 'स्थानीय तहमार्फत मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८०' को मस्यौदाबारे जानकारी गराएका थिए। प्रवक्ता पौडेलका अनुसार आयोगको मस्यौदामाथि टिप्पणी गर्दै दलका प्रतिनिधिले स्थानीय तहबाट नामावली



शालिग्राम शर्मा पौडेल
प्रवक्ता, निर्वाचन आयोग

स्थानीय तहबाट मतदाता नामावली संकलनमा दलहरूको एकै धारणा देखियो। विदेशमा रहेकाको मतदाता नामावली दर्ताको कार्यविधिमाथि दलहरूको मिश्रित धारणा आयो।

दर्ताको विषयमा सकारात्मक रहेको धारणा राखेका थिए।

तर, दलहरूबाट फरक-फरक धारणा आएका

» पृष्ठ २ मा क्रमशः

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

आफ्नो भनेको आफ्नै हुन्छ
www.rbb.com.np

"SME कर्जाको विस्तार, ग्रामीण जीवनमा सुधार"
को सपना साकार पार्न
गाउँ देखि शहर सम्म, उद्योग देखि व्यापार सम्म
RBB SME LOAN



विशेषताहरू
» रू ५ करोड सम्मको कर्जा सीमा
» न्यूनतम ब्याजदर ९.३५% मात्र
» ७ कार्य दिनभित्र कर्जा सम्बन्धी निर्णय गरिने
» उत्पादनमूलक उद्योगहरूलाई विशेष प्राथमिकता
विस्तृत जानकारीका लागि नजिकको राष्ट्रिय वाणिज्य बैंकको शाखामा सम्पर्क गर्नसक्नु हुनेछ।
*सर्तहरू लागू हुनेछन्

■ काठमाडौंका सडकमा 'एआई'को निगरानी

अब सिसिक्यामेराले पछ्याउनेछ फरार व्यक्ति र शंकास्पद सवारीसाधन

नयाँ पत्रिका

काठमाडौंका सडक क्रमशः 'आर्टिफिसियल इन्टेलिजेन्स' अर्थात् एआईको निगरानीमा आउँदै छन्। एआईमा आधारित सिसिक्यामेराको जालोबाट फरार व्यक्ति र शंकास्पद सवारीसाधन फुत्किन गाह्रो हुनेछ।

अत्याधुनिक सिसिक्यामेरा जडान गरी प्रविधिमा आधारित पुलिसिङतर्फ प्रहरीले जोड दिइएका छ। र, उपत्यकाका सडकमा सुरक्षाकर्मीको उपस्थितिलाई प्रविधिले विस्थापित गर्दै लगेको छ।

सहरका मुख्य सडकमा हालै एआईमा आधारित सिसिक्यामेराको प्रयोग बढेको छ। त्यस्ता क्यामेराले फरार व्यक्तिलाई पहिचान गर्नेदेखि शंकास्पद सवारीसाधनलाई 'ट्र्याक' गर्ने काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) दीपककुमार थापाले बताए। यसले

» पृष्ठ २ मा क्रमशः



कोटेश्वर-तिनकुने सडकखण्डमा जडान गरिएको एएनपिआर प्रविधिको सिसिक्यामेरा। यस्तो क्यामेराले सवारीसाधनको नम्बर प्लेटको फोटो खिच्ने, ओभरस्पिड पत्ता लगाउनेलगायत ट्राफिक नियम उल्लंघनको सूचना प्रहरीलाई दिन्छ। उपत्यका प्रहरी कार्यालयका एसएसपी दिनेशराज मैनाली भन्छन्, 'भनिन्छ, अदालतमा साक्षीले असत्य बोल्न सक्छ, तर प्रविधिले सधैं सत्य बोल्छ। प्रविधिमैत्री प्रहरी अहिलेको आवश्यकता हो, प्रमाणमुखी अनुसन्धानका लागि हामीले प्रविधिमा जोड दिएका छौं, अब अपराध गरेर भाग्न नसक्ने अवस्था बन्दै गएको छ।'

धितोमा रहेको चल, अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिनेबारे दोस्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८०।१०।२७ गते)

तपशिलबमोजिमका कर्जा ग्राहकहरूले यस बैंकबाट देहायबमोजिम कर्जा/सुविधाहरूको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित रूपमा तरताकेता, कर्जा बुझाउनेबारे २१ (एक्काइस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०।०९।०८ मा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नु हुन कर्जा ग्राहक, धितो सुरक्षण मञ्जुरीनामा दिने, जमानत दिनु हुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित १५ (पन्ध्र) दिनभित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल, अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधिअनुसार देहायबमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल, अचल सम्पत्ति बैंक आफैंले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

धितो लिलाम बिक्री हुने मिति : **२०८० साल फागुन महिना १३ गते** सम्बन्धित कार्यालय : **शाखा कार्यालय सिमरा, बारा** लिलाम हुने स्थान : **शाखा कार्यालय कलैया, बारा।**

ग्राहकको विवरण

१. ग्राहकको नाम : **वीरेन्द्र साह कानु** ना.प्र.नं: ४२४०।४२७२ जारी मिति : २०६०।०६।३० जारी भएको कार्यालय : **जिल्ला प्रशासन कार्यालय, बारा**

बाबुको नाम : **जोगीन्दर सा कानु** बाजेको नाम : **द्वारिका सा कानु** पत्नीको नाम : **रुपा कुमारी कनुईन**

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गा धनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
घर खरिद कर्जा/LD2135509650	वीरेन्द्र साह कानु	बारा	पिप्रा सिमरा	२	१६३८	०-०-१०-० (विगाहा) (१६९.३० व.मि.)

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
रुपा कुमारी कनुईन	वीरगञ्ज वडा नं. ११, पर्सा	३४१०२२।७०७२	पर्सा, २०६६।०३।२ जिल्ला प्रशासन कार्यालय, पर्सा	बाबु - द्वारिका प्रसाद कानु पति - वीरेन्द्र साह कानु	बाजे- नथु सा कानु ससुरा - जोगिन्दर सा कानु

शर्तहरू

१. धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सो को लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२. धितो लिलाम डाँक बढाबढमा ३ (तीन) जना भन्दा कम व्यक्ति/संस्थाहरूले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ।
३. धितो लिलाम डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशत हुने रकम धरौटीबापत त्यसै दिन सम्बन्धित शाखामा जम्मा भएको हुनु पर्नेछ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तीमा ७ (सात) दिनभित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाइने छैन।
६. डाँक बढाबढको सुरुआत अंक बैंकको लेना रकम वा धितो लिलाम हुने सम्पत्तिको मूल्यांकनमध्ये जुन कम हुन्छ, सोही अंकबाट सुरुआत गरिनेछ।
७. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
९. डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०. अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लिमिटेड
असुली तथा संकलन विभाग
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं

जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.

Jalpa Samudayik Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था" (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

Head Office : Kalikanagar-11, Butwal, Rupandehi
Phone : 071-438157, 438158, 438159
Email : info@jalpamf.com **Website :** www.jalpamf.com

UNAUDITED FINANCIAL RESULT (Quarterly)

As at 2nd Quarter (2080/09/29) of Fiscal Year 2080/81

Condensed Consolidated Statement of Financial Position
As on Quarter Ended 29th, Poush 2080

Assets	This Quarter Ending	Immidiate Previour Year Ending
Cash and Cash equivalent	**319,365,162**	**417,139,596**
Statutory Balance and Due from Nepal Rastra Bank	23,000,000	23,000,000
Placement with Bank & Financial Institutions	75,000,000	67,500,000
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs and Cooperatives	-	-
Loan and Advances to Customers	4,743,316,499	5,002,110,346
Investment Securities	-	-
Current Tax Assets	15,150,368	55,064,246
Investment Property	-	-
Property and Equipment	52,494,716	61,577,111
Goodwill and Intangible Assets	1,611,033	2,236,880
Right of Use Assets	84,169,319	-
Deferred Tax Assets	62,484,921	-
Other Assets	5,973,808	20,630,865.42
Total Assets	**5,382,565,825**	**5,649,259,045**
Liabilities	-	
Due to Bank and Financial Institutions	1,649,940,344	1,929,196,380
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits From Customers	2,661,630,473	2,658,836,950
Borrowing	-	-
Current Tax Liabilities	1,031,178	41,537,381
Provisions	-	-
Deferred Tax Liabilities	-	2,368,558
Other Liabilities	470,603,221	462,447,076
Lease Liabilities	87,037,435	-
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**4,870,242,650**	**5,094,386,345**
Equity	-	-
Share Capital	182,800,000	160,000,000
Share Premium	-	-
Retained Earning	59,916,359	214,121,130
Reserves	269,606,816	180,751,570
Total Equity	**512,323,175**	**554,872,700**
Total Liabilities and Equity	**5,382,565,825**	**5,649,259,045**

Condensed Statement of Profit or Loss
For the Quarter Ended 29th Poush 2080

Particular	Current Year		Previous Year	
	This Qtr	Upto This Qtr	This Qtr	Upto This Qtr (YTD)
Interest Income	174,255,291	336,012,760	191,281,070	386,330,420
Interest Expense	99,642,772	203,013,352	103,258,960	203,796,760
Net Interest Income	74,612,519	132,999,408	88,022,110	182,533,660
Fees and Commission Income	19,482,987	40,151,707	18,831,040	40,098,150
Fees and Commission Expense	-	-		
Net Fee and Commission Income	19,482,987	40,151,707	18,831,040	40,098,150
Net Interest, Fee and Commission Income	94,095,506	173,151,115	106,853,150	222,631,810
Net Trading Income	-	-	-	-
Other Operating Income	1,755,937	8,109,127	5,260,220	8,407,290
Total Operating Income	95,851,443	181,260,242	112,113,370	231,039,100
Impairment Charge/(reversal) for loans and Other Losses	8,947,771	29,173,281	15,209,200	39,246,678
Net Operating Income	86,903,672	152,086,960	96,904,170	191,792,422
Operating Expense	66,981,295	148,860,825	20,901,090	173,454,551
Personnel Expenses	49,518,552	113,080,752	-	133,025,631
Other Operating Expenses	15,242,139	31,362,034	20901090	35,216,840
Depreciation and Amortization	2,220,604	4,418,039		5,212,080
Operating Profit	19,922,376	3,226,135	76,003,080	18,337,871
Non Operating Income		-		
Non Operating Expenses		-		
Profit before Income Tax	19,922,376	3,226,135	76,003,080	18,337,871
Income Tax Expenses	967,841	967,841	5,501,361	5,501,361
Current Tax	967,841	967,841	5,501,361	5,501,361
Deferred Tax	-			
Profit for the Year	18,954,536	2,258,295	70,501,719	12,836,510

Condensed Statement of Comprehensive Income
For the Quarter Ended 29th Poush 2080

Particular	Current Year		Previous Year	
	This Qtr	Upto This Qtr	This Qtr	Upto This Qtr (YTD)
Profit For the Period	18,954,536	2,258,295	70,501,719	12,836,510
Other Comprehensive Income	6,334,379	6,334,379	273,116	273,116
Actuarial Gain/Loss on defined benefit plan	9,049,113	9,049,113	390,165	390,165
Income tax relating to above items	(2,714,734)	(2,714,734)	(117,050)	(117,050)
Total Comprehensive Income for the period	25,288,915	8,592,674	70,774,834	13,109,625
Earning Per Share				
Basic Earning Per Share		2.47		16.05
Diluted Earning Per Share		2.47		16.05
Ratio As Per NRB Directive				
Capital Fund to RWA		8.33%		11.21%
Non Perfoming Loan (NPL) to total Loan		7.10%		4.72%
Total Loan Loss Provision to NPL		101.24%		91.84%
Cost of Fund		9.73%		9.02%
Base Rate		17.90%		14.43%

Statement of Distributable Profit Or Loss
For the Quarter Ended 29th Poush 2080

Opening Retain Earning As on 2080.04.01	**58,302,676**
Net Profit or Loss as per Statement of Profit or Loss	**2,258,295**
1. Appropriation	**496,825**
a. General Reserve	451,659
b.Client Protection Fund	22,583
c. Corporate Social Responsibility Fund	22,583
Profit or (Loss) before Regulatory adjustment	**1,761,470**
Regulatory Adjustment	**147,787**
Transferred to Regulatory Reserve	**147,787**
Total Distributable Profit or Loss as on quarter ended Poush 2080	**59,916,359**

Notes to Interim Financial Statement

1. The Interim Financial Statements have been prepared accordance with Nepal Financial Reportings as issued by the Accounting Standard Board, Nepal and Carve out issued by ICAN
2. Loan and advances are presented net of impairement charges and include accrued interest
3. The Unaudited Financial Figures may Change if directed by Statutory Auditor/Supervisory Authorities
4. The financial Statement has been updated in company's website : www.jalpamf.com

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम १ संग सम्बन्धित) आ. व. २०८०/८१ को दोस्रो त्रैमासिक प्रतिवेदन (२०८०/०५/२५)

१. वित्तीय विवरण

क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख. प्रमुख वित्तीय अनुपात

प्रति शेयर आम्दानी वार्षिकीकरण	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
२.४७	४८१.७८	२८०.२६	२९४४	७.५६%

२. व्यवस्थापकिय विश्लेषण

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:

त्रैमासिक अवधिमा संस्थाको आम्दानीमा सुधार भई प्रति शेयर आम्दानी सकारात्मक रहेको छ। कर्जा लगानी पछिल्लो त्रैमासको तुलनामा ५.१०% ले वृद्धि भएको छ भने बचत १.०९% ले वृद्धि भएको छ। नेपाल राष्ट्र बैंकले "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशन बमोजिम एक ऋणी सदस्यले एक लघुवित्त संस्थाबाट मात्रै ऋण लिन सक्ने व्यवस्था भएकोले ऋणी सदस्यले कर्जा चुक्ता गरे पश्चात् पनि अर्को वित्तीय संस्थामा कर्जा बाँकी भएका कारण यस वित्तीय संस्थाबाट कर्जा लिन नपाउने हुनाले ऋणी सदस्य भने पछिल्लो त्रैमासको तुलनामा ५% ले घटेको देखिन्छ।

ख. आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

वित्तीय संस्थाले हाल २९ वटा जिल्लाहरुमा रहेका ९९ वटा शाखा कार्यालयहरु मार्फत १,०४,०६७ जना सदस्यहरुबाट जम्मा रू. २,६६,१६,३०,४७२.५२ बचत संकलन गरेको छ भने ३८,२३४ जना सदस्यहरुमा कृषि, व्यापार, साना तथा घरेलु उद्योग, सेवा व्यवसाय लगायत विभिन्न क्षेत्रहरुमा कर्जा प्रवाह गरी कुल रू ५,०५०,७०५,०२५.५४ कर्जा लगानीमा रहिरहेको छ। बचत तथा कर्जा सुविधाका अतिरिक्त संस्थाले आफ्नो ग्राहक संरक्षण कार्यक्रम अन्तर्गत परिवार नियोजन, सुत्केरी, महिलाहरुमा हुने पाठेघरको क्यान्सर, प्राकृतिक प्रकोपबाट हुने हानी नोक्सानी लगायत विभिन्न क्षेत्रमा राहत उपलब्ध गराउँदै आईरहेको छ। यसका अतिरिक्त ग्राहक सदस्यहरुलाई समय समयमा व्यवसायिक तालिम, व्यवसायिक अध्ययन अवलोकन भ्रमणको व्यवस्था समेत गर्दै आईरहेको छ। उद्यम विकास कार्यक्रम अन्तर्गत संस्थाले ग्राहकहरुको पशुपालन तथा कृषि क्षेत्रमा सहयोग गर्न घरदैलो प्राविधिक सेवा समेत उपलब्ध गराउँदै आईरहेको छ। संस्थाले आगामी दिनहरुमा पनि सदस्यहरुलाई प्रदान गर्दै आईरहको सेवालाई निरन्तरता दिदैं वित्तीय पहुँच नपुगेका विपन्न तथा पिछडीएका समुदायहरुलाई लघुवित्त सेवा प्रदान गरी गरिबी तथा बेरोजगारीलाई न्यूनीकरण गर्न ठोस् योगदान पुऱ्याउने र ग्राहकवर्गमा दिगो तथा ग्राहकमैत्री लघुवित्त सेवा प्रदान गर्न प्रतिवद्ध रहेको छ।

ग. विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :

त्रैमासिक अवधिमा संस्थाको कर्जा विस्तारमा केहि सुधार आएको देखिन्छ। सदस्यहरुबाट कर्जाको मागमा वृद्धिसँगै संस्थाको कर्जा लगानी वृद्धिदर सकारात्मक रहेको देखिन्छ। तर पनि नेपाल राष्ट्र बैंकले "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशन बमोजिम एक जना ऋणी सदस्यले एक लघुवित्त संस्थाबाट मात्रै ऋण लिन सक्ने व्यवस्थाले गर्दा संस्थाबाट कर्जा चुक्ता गर्ने सदस्यहरुले अन्य वित्तीय संस्थाबाट समेत कर्जा उपभोग गर्दै आईरहेको हुनाले त्यस्ता सदस्यहरुलाई थप कर्जा प्रवाह गर्न नसक्दा संस्थाको ऋणी सदस्य घटेको देखिन्छ र विगतमा नियमित रुपमा किस्ता तिर्ने सदस्यहरुलाई पुनः कर्जा प्रवाह गरी आवद्ध गराउन नसक्दा ऋणी सदस्यहरुले बाध्यात्मक रुपमा संस्था छाड्ने गरेको देखिन्छ। त्यसै गरी तथाकथित् रुपमा गठन भएका लघुवित्त संस्था विरुद्धको संघर्ष समिति तथा लघुवित्त संस्थाहरु विरुद्ध गलत अभिव्यक्तिहरु दिने, किस्ता नतिर्नका लागि ऋणीहरुलाई भड्काउने तथा दवाव दिने, ऋण/व्याज मिनाहा हुन्छ भन्दै ऋणी सदस्यहरुमा भ्रम प्रचारबाजी गरी भ्रमित गर्ने, कर्मचारीहरुलाई केन्द्र सञ्चालन तथा किस्ता असुली नगर्नका लागि धम्क्याउने तथा हातपात गर्ने जस्ता क्रियाकलापका कारण संस्थाको कारोबार र लघुवित्त क्षेत्रमा गम्भिर असर परेको देखिन्छ। अर्को तर्फ विश्वव्यापी रुपमा देखापरेको आर्थिकमन्दी र महँगीले समेत आर्थिक क्रियाकलापहरु गतिशिल रुपमा चलायमान हुन नसक्दा पनि समग्र लघुवित्त क्षेत्रमा जोखिम बढेर गएको देखिन्छ।

३. कानुनी कारबाही सम्बन्धी विवरण :

(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको पनि छैन।

(ख) वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संस्थापकले वा संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. लघुवित्त संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

(क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी रहेको छैन।

(ख) यस त्रैमासको शेयर कारोबार सम्बन्धी विवरण:

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या	कुल शेयर कारोबार किता
१२७८.८०	९२०	११९०	४९	१९००	४७२६८

५. समस्या तथा चुनौती :

लघुवित्त क्षेत्रमा अवैधानिक क्रियाकलाप गरिरहेको लघुवित्त विरुद्धको संघर्ष समितिले नेपालको लघुवित्त क्षेत्रमा गम्भिर प्रभाव पारिरहेकोमा यस वित्तीय संस्था पनि त्यसबाट अछुतो रहन सकेको छैन। लघुवित्त क्षेत्रमा देखिएको सदस्य/कर्जामा दोहोरोपना, बहु बैंकिङ्ग, तरलता संकट, बैंक तथा वित्तीय संस्थाहरुबाट उपलब्ध विपन्न वर्ग कर्जाको ब्याजदरमा वृद्धिका कारण लागतमा वृद्धि, नियमनकारी निकायहरुबाट हुने नीतिगत परिवर्तनबाट सृजना हुन सक्ने असर आदि वित्तीय संस्थाको समस्या तथा चुनौतीहरु हुन्। वित्तीय संस्थामा रहेका दक्ष तथा अनुभवी जनशक्तिको उचित व्यवस्थापन गरी कर्मचारीहरुलाई समय सापेक्ष तालिम प्रदान गरिएको, समयानुकुल व्यवासायिक रणनीतिहरु तयार गरिएको तथा वित्तीय संस्थाको सेवामा विविधिकरण गरी वित्तीय संस्थाको समस्या तथा चुनौतीलाई समाधान गर्ने प्रयत्न गरिएको छ।

६. संस्थागत सुशासन :

यस वित्तीय संस्था संस्थागत सुशासन कायम गर्न सदैव प्रतिवद्ध रहेको छ। संस्थागत सुशासनमा ध्यान दिदै संस्थाले अन्य विषयहरुका अतिरिक्त देहाय अनुसारका कदमहरुको समेत अवलम्बन गरेको छ।

क) यस संस्थाको संचालक समिति, व्यवस्थापन, सेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा सम्वर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ। नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन, कानुन र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न नीति, नियम तथा कार्यविधिहरु तर्जुमा गर्ने तथा आवश्यकता अनुसार संशोधन गर्ने गरेको र उक्त नीति तथा निर्देशनहरुलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आईरहेको छ।

ख) संस्थाले आफ्नो कारोबारलाई चुस्त, दुरुस्त राख्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति तथा अन्य आवश्यक समिति, उपसमितिहरुको गठन गरेको छ। उक्त समिति तथा उपसमितिहरुको बेला बेलामा बैठक बसी काम गर्ने क्रममा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्ने सन्दर्भमा व्यवस्थापनलाई आवश्यक निर्देशनहरु दिने गरेको छ।

ग) केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुको लेखा तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी तथा चुस्त दुरुस्त बनाई राख्न शाखाहरुमा त्रैमासिक रुपमा सुपरिवेक्षण तथा अर्धवार्षिक रुपमा आन्तरिक लेखापरिक्षण हुँदै आईरहेको छ। सुपरिवेक्षण तथा लेखापरीक्षणले औल्याएका कमी कमजोरीहरुलाई यथाशिघ्र सुधार गरिएको छ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।

फास्ट ट्र्याक ठेक्का : सेनाले मगायो भारतीय कम्पनीको सक्कल कागजात

काठमाडौं/ भारतमा कालोसूचीमा परेको र दुई वर्षदेखि लेखापरीक्षण नगरेको भारतीय कम्पनी काठमाडौं-मधेश द्रुतमार्ग (फास्ट ट्र्याक)को प्याकेज ८ 'ख'को बोलपत्रमा प्राविधिक मूल्यांकनमा छनोट भएको भन्दै प्रतिस्पर्धी अर्को भारतीय कम्पनीले सेनामा उजुरी दिएको छ। भारतको आन्ध्र प्रदेशमा दर्ता भएको केएमसी कन्स्ट्रक्सन कम्पनी आर्थिक रूपमा बदनाम, टाट पल्टेको र भारतमा कालोसूचीमा रहेको तथा पछिल्लो लेखापरीक्षण प्रतिवेदन पनि नभएको आरोप लागेको छ।

भारतीय राजदूतावास तथा भारतका सरकारी निकायले उक्त कम्पनीलाई कुनै पनि ठेक्का नदिन नेपालका भौतिक योजना मन्त्रालय र अर्थ मन्त्रालयमा २०१९ मा लेखेको चिठीसमेत समेटेर केएमसीविरुद्ध उजुरी परेको छ। उसलाई प्राविधिक मूल्यांकनमा पास गराउनु गलत भएको भन्दै अर्को भारतको सरकारी कम्पनी आरभिएनएल-एबिएल जेभीले दिएको उजुरीमा नेपाली सेनाले चासो दिएको छ। सैनिक प्रवक्ता कृष्णप्रसाद भण्डारीका अनुसार सेनाले सक्कल कागजात पेस गर्न र आरोपबारे जवाफ पठाउन कम्पनीलाई चिठी पठाएको छ।

'आठौं प्याकेजको खण्ड 'ख'को ठेक्का टुंगिएको छैन। अहिले मूल्यांकनकै क्रममा छ,' सैनिक प्रवक्ता भण्डारीले नयाँ पत्रिकासँग भने, 'केएमसी कन्स्ट्रक्सन लिमिटेडका विरुद्धमा उजुरी परेको हुनाले उसलाई सम्पूर्ण सक्कल कागजपत्र पेस गर्न चिठी पठाएका छौं।' करिब २० अर्ब रुपैयाँको खण्ड ८ 'ख'मा एउटा चिनियाँ र दुई भारतीय कम्पनीको प्राविधिक प्रस्ताव सेनाले पास गरेको थियो।

उच्च शिक्षामा...

पृष्ठ १ बाट क्रमशः

यहाँ हरेक वर्ष विद्यार्थी संख्या क्रमशः ओरालो लाग्दै छ भने दिनहुँ कलेज छोड्न 'रनिङ लेटर' बनाउन आउने विद्यार्थी संख्या ५-६ जना हुन्छन्।

उदाहरण ३

शंकरदेव क्याम्पसमा पनि 'ड्रपआउट' हुने विद्यार्थी संख्या बढी देखिन्छ। ०७७ मा स्नातक तह पहिलो वर्षका सबै संकायमा दुई हजार तीन सय ३० विद्यार्थी भर्ना भएकोमा हाल चौथो वर्षमा पुग्दा आठ सयहाराहारी मात्रै विद्यार्थी छन्। अन्य विद्यार्थी 'ड्रपआउट' भएको क्याम्पस प्रमुख कृष्णप्रसाद आचार्यले बताए। उनका अनुसार पछिल्लो तीन-चार वर्षयता 'ड्रपआउट' हुने विद्यार्थीको संख्या बढ्दै गइरहेको छ। शंकरदेवमा हाल बिबिएस, एमबिएस, एमबिएम, एमबिए फाइनाइन्स, बिबिए, बिबिए फाइनान्स, बिओएम र बिबिएममा गरी १० हजार विद्यार्थी छन्। 'विद्यार्थी संख्या घट्दो छ, त्यसमध्ये प्राविधिक धारमा 'ड्रपआउट' अलि कम छ,' उनले भने, 'विशेष गरी छात्रहरू बढी 'ड्रपआउट' हुने गरेका छन्।'

उदाहरण ४

बल्खुमा रहेको जनप्रशासन क्याम्पसमा पनि विद्यार्थी 'ड्रपआउट' बढेको देखिन्छ। क्याम्पस प्रमुख हरिभक्त शाहीका अनुसार प्रथम वर्षमा भर्ना भएका विद्यार्थीमध्ये ५० प्रतिशत विद्यार्थी चौथो वर्षमा पुग्दा 'ड्रपआउट' हुन्छन्। हाल यहाँ एमपिएमा एक हजार नौ सय र बिपिएमा दुई सय ५० जना विद्यार्थी छन्। 'विद्यार्थी 'ड्रपआउट' बढ्दो छ, अझ हामीले त विद्यार्थीलाई सहज होस् भनेर अनलाइन कक्षा पनि सञ्चालन गर्दै आइरहेका छौं, शुल्क पनि सस्तो छ, तर बीचमै पढाइ छाडेर गायब हुने क्रम बढेको छ,' उनले भने, 'स्नातक तहमा प्रथम वर्षमा भर्ना भएका विद्यार्थी चौथो वर्षसम्म पुग्दा ५० प्रतिशत 'ड्रपआउट' भइसक्छन्।' उनका अनुसार यहाँ पनि एमपिए र बिपिएमा छात्राको संख्या नै बढी छ।

इ-भिसा...

पृष्ठ १ बाट क्रमशः

भिसाबापतको शुल्क नेपाली बैंकिङ प्रणालीबाट नै भुक्तानी गर्नुपर्नेछ।

विभागका महानिर्देशक रुद्रसिंह तामाङले नेपाल आउन चाहने विदेशी नागरिकले संसारको जुनसुकै कुनाबाट भिसा लिन सक्ने बताए। 'इ-भिसा प्रणालीको सुरुवात भएको छ। नेपाल आउन चाहने विदेशी नागरिकले संसारको जुनसुकै कुनाबाट अब भिसा लिन सक्ने भएका छन्,' उनले भने, 'डलर खाता नभएसम्म भिसाबापतको शुल्क भने नेपाली बैंकिङ प्रणालीबाट नै भुक्तानी गर्नुपर्नेछ। खाता खोलिएपछि संसारको जुनसुकै बैंकबाट भिसाबापतको शुल्क भुक्तानी गर्न सकिनेछ।'

विभागका अनुसार नेपालको भिसा लिन चाहने विदेशी नागरिकले संसारको जुनसुकै कुनाबाट नेपालको भिसा 'अप्लाई' गर्न सक्छ। भिसा 'अप्रुभ' भएपछि सम्बन्धित नागरिकको इमेलमा नोटिफिकेसनसहितको 'क्युआर कोड' जान्छ। सोही कोडमार्फत उसले भिसा शुल्क भुक्तानी गर्छ। हालका लागि शुल्क नेपाली बैंकिङ प्रणालीबाट मात्रै भुक्तानी गर्न सकिनेछ। शुल्क भुक्तानीपछि ऊ नेपाल आउँछ। विमानस्थलस्थित अध्यागमनको डेक्समा पुगेर पासपोर्टमा भिसा टाँस्छ। र, गन्तव्यतर्फ लाग्छ।

विभागका महानिर्देशक तामाङले नेपाल सरकारबाट राजस्व संकलन गर्ने डलर खाता सञ्चालनमा आएपछि संसारको जुनसुकै बैंकबाट पनि भिसाबापतको शुल्क भुक्तानी गर्न सकिने बताए। 'प्रणाली विकास गरिसकेका छौं। तर, राजस्व संकलन गर्न सरकारले डलर खाता खोलेको छैन,' उनले भने, 'डलर खाता सञ्चालनमा आएपछि संसारको सबै बैंकबाट शुल्क भुक्तानी गर्न सकिनेछ।'

यसअघि विभागले नेपाल बसेका विदेशी नागरिकले १० मिनेटभित्रै भिसा नवीकरण, स्थानान्तरण र पदयात्रा अनुमति लिन सक्ने 'अटोमेसन' प्रणाली महिना दिनअघिबाटै कार्यान्वयनमा ल्याएको छ।

विदेशमा रहेका...

पृष्ठ १ बाट क्रमशः

थिए। 'स्थानीय तहबाट मतदाता नामावली संकलनमा दलहरूको एकै धारण देखियो। विदेशमा रहेकाको मतदाता नामावली दर्ताको कार्यविधिमाथि दलहरूको मिश्रित धारणा आयो,' प्रवक्ता पौडेलले भने।

कांग्रेस प्रतिनिधि पुष्पा भुसालले स्थानीय तहबाटै मतदाता नामावली संकलनको व्यवस्थाबारे दलहरू सकारात्मक रहेको बताइन्। विदेशमा रहेका नेपालीलाई मताधिकार दिलाउने विषयमा भने थप गृहकार्य आवश्यक रहेको सुझाव दिएको उनले बताइन्। 'विभिन्न उद्देश्यका साथ विदेशमा रहेका नेपालीलाई मतदानको व्यवस्था गराउन सर्वोच्च अदालतले आदेश दिएको छ। आदेश कार्यान्वयन गरी मतदानको अधिकार सुनिश्चित गर्न प्राविधिक व्यवस्थापन मिलाउनुपर्ने हुन्छ। यो विषय हतारमा भन्दा पनि अभै आवश्यक गृहकार्य गरेर टुंगोमा पुऱ्याउन आवश्यक छ,' उनले भनिन्।

बैठकमा २६ स्थानमा उपनिर्वाचन गराउन आयोगले गरिरेहको तयारीबारे जानकारी गराएको थियो। आयोगले उपनिर्वाचनपूर्व मतदाता

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार २७ माघ ०८०
nayapatrikaofficial @naya_patrika

जब तीन दाजुभाइ एकैपटक सगरमाथा शिखरमा पुगे

खुसी पनि लाग्यो, दुःख पनि लाग्यो । दिमागमा बुबाआमाको मात्रै याद आयो । किनभने हामी तीनै भाइ सगरमाथाको शिखरमा छौं । केही भइहाल्यो भने...!

हामीले गरेको कामबाट बुबाआमा खुसी त हुनुहुन्छ, तर अब हिमाल नचढ्न आग्रह गरिरहनुहुन्छ । तर, मनै मान्दैन । हिमाल चढ्नु हाम्रा लागि बाध्यता पनि हो ।



पेम्बा ओङ्चु शेर्पा



पेम्बा छुङ्बा शेर्पा



पेम्बा ग्याल्जेन शेर्पा

आरोहण

• पवन बराइली

शेर्पा दाजुभाइका लागि हिमाल नै सुख-दुःख बुझ्ने पाठशाला बन्यो

सोलुखुम्बुको खरीखोला गाउँ सगरमाथा प्रवेशद्वारको रूपमा प्रख्यात छ । यो गाउँले हिमाल आरोहणका अनेकन कीर्तिमानधारी शेर्पा तथा सिपालु शेर्पा गाइडहरू जन्माइसकेको छ । यो गाउँमा आलु, फापर, गहुँ, मकै एक सिजन मात्रै उत्पादन हुन्छ । यही हिमालको फेदीमा फुन्दुरु शेर्पा र दावा पासाङ शेर्पाले आफ्ना आठ सन्तान (पाँच छोरा तीन छोरी) हुर्काए । यो दम्पतीले एकदमै कम उत्पादन हुने ठाउँमा १० सन्तान मुस्किलले हुर्काए ।

खुम्बु क्षेत्रमा पर्ने यो गाउँबाट वर्षैपिच्छे हिमाल चढ्न आउने विदेशी पर्यटकहरू ओहोरदोहोर गर्छन् । पहिले-पहिले भने यो गाउँका कमै मात्रै शेर्पाले हिमालमा काम गर्न पाउँथे । सगरमाथाको फेदीमै जन्मिएर पनि फुन्दुरु र उनको परिवारका अरू कुनै सदस्य काम गर्न हिमालतिर गएका थिएनन् ।

'हामी धेरै सन्तान भएपछि बुबाआमालाई लालनपालनमा निकै गाह्रो भयो । त्यसैले मलाई (साइला छोरा) लामा पढ्न पठाउँनुभयो । जेठा (पेम्बा ओङ्चु शेर्पा)दाइलाई काठमाडौंमा आफन्तको घरमा बस्न पठाउनुभयो र माइला (पेम्बा छुङ्बा शेर्पा) दाईलाई गाउँले घरमा काम गर्न राख्नुभयो । घरको आर्थिक अवस्थाले गर्दा बुबाले हामी तीनजना छोरा फरक-फरक ठाउँमा राख्नुभयो', साइला छोरा पेम्बा ग्याल्जेन शेर्पा आफ्ना बुबालाई सम्झन्छन् ।

हिमालमा काम पाउन सरदारको नजिकको मान्छे हुनुपर्थ्यो । हिमालमै भाँडा माझ्ने काम पाउन पनि सरदारलाई 'घुस' दिनुपर्थ्यो । त्यसैले फुन्दुरु शेर्पालाई पनि हिमालमा काम पाउन निकै मुस्किल पऱ्यो । बालबच्चाको खानपिनको अभाव टार्न उनले सरदारलाई चौंरीको घिउ दिएपछि मात्रै हिमालमा भाडा माझ्ने काम पाए । त्यही क्रममा फुन्दुरुले कञ्चनजंघा हिमाल आरोहण गरे ।

'हाम्रो परिवारका लागि सगरमाथा चढ्नु धेरै टाढाको कुरा थियो । अहिलेजस्तो हिमालमा काम पाउन सजिलो कहाँ थियो र,' साइला छोरा पेम्बा ग्याल्जेन सम्झन्छन्, 'हामी छोराछोरी सानै थियौं । हामी घरमा भन्दा चौंरीगोठमै बस्थ्यौं । त्यतिवेला हाम्रो घरपरिवारमा निकै समस्या थियो । बुबाआमाले जेनतेन हामीलाई हुर्काउनुभयो । बुबाले हिमालमा भाँडा माझ्ने काम पाउनुभएछ । चौंरीगोठमा हामीलाई आमाको जिम्मा लगाएर जानुभयो । भाँडा माझेर ४० हजार रुपैयाँ लिएर आउँनुभयो । त्यसपछि हिमालबाट पैसा आउनेरहेछ भन्ने थाहा भयो । नत्र अहिले हामी दाजुभाइ पटकपटक सगरमाथा आरोहण गर्न सक्ने थिएनौं होला ।'

अहिले हिमालमा चमत्कार देखाइरहेका दुई भाइ (पेम्बा ओङ्च्यु शेर्पा र पेम्बा ग्याल्जेन शेर्पा) निकै बलिया शेर्पा मानिन्छन् । माइला पेम्बा छुङ्बा शेर्पा हिमालतिरै ट्रेकिङ गर्छन् । यी तीन दाजुभाइले सगरमाथाको सफल आरोहण गरिसकेका छन् ।

हिउँले भरिएको डाँडाहरूमा चौंरी चराउँदै लेकबँसी दौडिँदै उनीहरूको बाल्यकाल बित्यो । त्यसैले यी शेर्पा दाजुभाइका लागि हिमाल नै सुख-दुःख बुझ्ने पाठशाला बन्यो । किशोरावस्थामै पेम्बा ओङ्चु शेर्पा हिमालमा भविष्य खोज्न थाले । भरियाका रूपमा उनी ट्रेकिङ तथा हिमाल आरोहणमा आउनेहरूसँग हिँड्न थाले । बिस्तारै हिमाल आरोहण गर्न सीप र कौशलका तालिम लिन थाले । 'घरको आर्थिक अवस्थाले गर्दा म काठमाडौंमा आफन्तकहाँ बस्थें । माइला भाइ पनि गाउँलेको काम गर्थ्यो । साइला भाइ लामा पढ्न गइसकेको थियो,' पेम्बा विगत सम्झिन्छन्, 'सबैले हिमाल चढेर प्रगति गरेको देख्थें । मलाई पनि हिमाल चढ्नुपर्छ भन्ने लाग्यो । त्यसैले म पनि हिमालको बाटो पछ्याउँदै गएँ । पहिले भारी बोकेर आरोहीहरूसँग सानो हिमाल गएँ । बिस्तारै ठूला हिमाल पनि चढ्न सुरु गरेँ ।'

त्यसपछि पेम्बाले क्लाइम्बिङ सेन्टरमा थप तालिम लिएँ । हिमाल आरोहण गर्न ज्ञान र सीप थपिँदै गयो । पेम्बाले ओङच्यु राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक प्रमाणपत्र पाएँ । त्यसपछि उनी दक्ष पर्वतारोहण पथप्रदर्शकको रूपमा परिचित भए । सगरमाथा र अन्य हिमालहरूमा आरोही लिएर जान थाले । भन्छन्, 'मलाई पहिलोपटक हिमाल चढ्न निकै गाह्रो भएको थियो । जब तालिम लिएँ त्यसपछि हिमाल चढ्न सजिलो हुँदै गयो ।'

पेम्बाले सन् २००८ मा पहिलोपटक सगरमाथाको सफल आरोहण गरे । त्यसपछि एकपछि अर्को कीर्तिमानी थपिँदै गयो उनको । उनले आफ्ना भाइहरू (पेम्बा छुङ्बा शेर्पा (माइला) र पेम्बा ग्याल्जेन)लाई पनि हिमाल आरोहणमा प्रेरित गरे ।

साइला भाइ पेम्बा ग्याल्जेन सोलुखुम्बुमै गुम्बामा नौ वर्ष लामा पढे । तर, उनलाई गुम्बामा बस्न मन लागेन । गाउँका शेर्पाहरूले हिमालमा गएर पैसा कमाएको देखे । त्यसपछि पेम्बालाई पनि लाग्यो, अब हिमालमा काम गर्नुपर्छ । पैसा कमाउने लोभले उनी काठमाडौं हान्निए । तर, काठमाडौं उनका लागि सजिलो थिएन । चिनेजानेका कोही पनि थिएनन् । जेठा दाइ पनि हिमालतिर भारी बोक्न गइरहन्थे । काठमाडौंमा उनले काम पाएनन् । फेरि उनी भरियाको रूपमा काम गर्न लुक्ला फर्किए । तीन वर्षपछि उनी काठमाडौं आए । 'त्यसवेला मलाई दाइले नै भारी बोकेर मात्रै हुँदैन भनेर बोलाउनुभयो । अब गाइडको काम गर्नुपर्छ भन्नुभयो । मलाई क्लाइम्बिङका लागि तालिम केन्द्रमा भर्ना गरिदिनुभयो,' उनले सम्झिए ।

ग्याल्जेन जेठा दाइसँगै 'मेरापिक' गएँ । 'काठमाडौं आएको एक वर्षपछि मेरापिक आरोहण गर्न गएँ । मेरापिक आरोहण गर्दासम्म मसँग त्यस्तो आरोहण र गाइडिङसम्बन्धी तालिम थिएन,' उनी भन्छन् 'दाइको सहयोगीको रूपमा मात्रै गएको थिएँ । मेरापिक सफलतापूर्वक आरोहण पनि गरेँ । मलाई सबैले प्रशंसा गरेँ ।' तालिम लिएर काम गर्न सके हिमालबाट प्रशस्तै पैसा कमाउन सकिनेरहेछ भन्ने उनलाई थाहा भयो । त्यसपछि हिमाल आरोहण थप तालिम लिन थाले ।

ग्याल्जेनले सन् २०११ मा सगरमाथाको पहिलोपटक सफल आरोहण गरे । 'त्यसवेला पनि मलाई दाइले सगरमाथाको क्याम्प-२ को कुक (भान्से)को रूपमा लिएर जानुभएको थियो । सगरमाथाको आरोहण गर्ने मौका पाइनँ । क्याम्प-२ र सगरमाथा बेसक्याम्पको बीचमा मैले १९ पटक ओहोरदोहोर गरेँ । त्यसपछि मात्र मैले सगरमाथा आरोहण गर्ने मौका पाएँ । म सगरमाथा चुचुरोमा पुग्दा आँखाबाट आँसु आयोश,' उनले भने ।

ग्याल्जेनले गत असोजमा मनास्लु हिमालमा विनाअक्सिजन १२ घन्टामा आरोहण गरी नयाँ कीर्तिमान बनाए । मनास्लु (८,१६३ मिटर) विश्वको आठौं अग्लो हिमाल हो । उनले यसअघिको १३ घन्टाको कीर्तिमान तोड्दै १२ घन्टामा शिखरमा पुगेका थिए । योसँगै उनको मनास्लु हिमाल सफल आरोहण गरेको तीनपटक पुग्यो । उनी भन्छन्, 'नेपाललाई संसारभर हिमालले चिनाएको छ । विश्वका आठ हजार मिटर अग्ला १४ वटा हिमालमध्ये आठवटा नेपालमै पर्छ । नेपालमा विदेशी नेपाल घुम्न आउँछन् । उनीहरूले हिमालमा फरक-फरक रेकर्ड राख्छन् । हामी शेर्पाहरू पनि नयाँ रेकर्ड राख्न सक्छौं ।'अहिलेसम्म उनले सगरमाथा, केटु, मकालु, कञ्चनजंघा, चो ओयु, मनास्लु, अमादब्लम, हिमलुङ, चोलात्से, आइल्यान्ड पिक, मेरा पिक, लोबुचेलगायतका हिमालको सफल आरोहण गरिसकेका छन् ।

माइला भाइ पेम्बा छुङ्बाले पनि थुप्रैपटक सगरमाथा आरोहण गरिसकेका छन् । सुरुमा क्लाइम्बिङ शेर्पा हुँदै हिमाल आरोहणमा लागेका उनीहरू धेरैपटक सगरमाथा सँगसँगै चढिसकेका छन् । 'जेठादाइले १४ पटक र मैले ११ पटक सगरमाथा आरोहण गरिसकेका छौं । माइला दाइले पनि धेरैपटक सगरमाथा आरोहण गर्नुभएको छ,' ग्याल्जेनले भने ।

१२ मिनेट सगरमाथाको शिरमा तीन दाजुभाइ

एकै परिवारका सदस्य एकैपटक सगरमाथाको चुचुरोमा पुग्दा कस्तो अनुभूति हुन्छ होला ? संसारमा सायदै यस्ता परिवारका सदस्य होलान् जो संसारको अग्लो शिखरमा एकैपटक पाइला टेके । बिरलै प्राप्त हुने त्यस्तो अवसर यो परिवारले प्राप्त गरेको छ । परिश्रमी र मिहिनेती यो परिवारका तीन सदस्यले एकैपटक सगरमाथाको शिखरमा पाइला राखे ।

यो सन् २०११ को कुरा हो । तीन दाजुभाइ संयोगले एकैपटक सगरमाथा चुचुरोमा भेटिए । 'हामी तीनै दाजुभाइ चुचुरोमा भेटिन्छौं भन्ने सोचेकै थिएनौं । सगरमाथाको टुप्पोमा हामी भेट्नुपर्छ भनेर सल्लाह पनि गरेका थिएनौं । हामी तीनै भाइ फरकफरक कम्पनीबाट गएका थियौं,' जेठा ओङ्चु भन्छन्, 'साइला भाइ चीनबाट आरोहण टोलीसहित आएको रहेछ । माइला भाइ पनि विदेशी आरोहण टोलीसहित सगरमाथा आएकोरहेछ । हामी तीनैजनाले अक्सिजन मास्क लगाएका थियौं । सबै आ-आफ्नै टोलीसँग फोटो खिच्न लाग्यौं । हामी तीन भाइ नै एकै ठाउँमा भेटिएपछि मलाई खुसीसँगै धेरै डर लाग्यो । मेरोभन्दा पनि भाइहरूको चिन्ता लाग्यो । अबचाहिँ भुलेर पनि एकैपटक सगरमाथा जानुहुँदैन भन्ने सोच आयो ।'

> एकै परिवारका सदस्यहरू एकैपटक सगरमाथाको चुचुरोमा पुग्दा कस्तो अनुभूति हुन्छ होला ? संसारमा सायदै यस्ता परिवारका सदस्य होलान् जो संसारको अग्लो शिखरमा एकैपटक पाइला टेके । विरलै प्राप्त हुने त्यस्तो अवसर यो परिवारले प्राप्त गरेको छ । परिश्रमी र मिहिनेती यो परिवारका तीन सदस्यले एकैपटक सगरमाथाको शिखरमा पाइला राखे ।

भाइ पेम्बा ग्याल्जेन त्यो क्षण सम्झँदै थप्छन् 'मलाई एक हिसाबले खुसी पनि लाग्यो, दुःख पनि लाग्यो । दिमागमा बुबाआमाको मात्रै याद आयो । किनभने हामी तीनै भाइ सगरमाथाको शिखरमा छौं । केही भइहाल्यो भने के हुन्छ होला भन्ने सोच आयो । आफ्नोभन्दा पनि दाइहरू कसरी बेसक्याम्पसम्म पुग्लान् भन्ने चिन्ता लागिरह्यो । मैले दाइहरूलाई सँगसँगै नहिँड्नु, अलि दूरी कायम गरेर हिँड्नु भनेर सुझाव दिएँ । हामी झन्डै १२ मिनेटसँगै चुचुरोमा बसेका थियौं ।'

भूकम्पमा दाजुभाइ

सन् २०१५ सालमा भूकम्पले सिंगो सगरमाथा हल्लायो । त्यसवेला तीनै दाजुभाइ सगरमाथा आधारशिविरमै थिए । दुई दाजुभाइ (जेठा र माइला) सगरमाथा आधारशिविरमै थिए । तर, पेम्बा क्याम्प दुईबाट फर्किँदै थिए । एक्कासी हावा चल्यो । पेम्बालाई लाग्यो हिमपहिरो आउनलागेछ । तर, एकैछिनमा ठुल्ठूलो आवाज आउनथाल्यो ।

'एकैछिनमा सबैतिर अन्धकार छायो । दिमागले काम गरेन । त्यतिवेलासम्म भूकम्प भनेर थाहा थिएन । केहीबेरपछि आधारशिविरतिर लाग्यौं । तर, बाटोमा मान्छेहरू छटपाइरहेको देखेँ । उनीहरूलाई उद्धार गर्न थालेँ', पेम्बा सम्झँदै भन्छन्, 'बल्लतल्ल आधारशिविर पुग्यौं । दिउँसोको क्याम्प र मान्छे देखिनँ । बाँचिन्छ भन्ने कल्पना पनि थिएन । त्यतिवेला माइला दाइलाई सामान्य चोट लागेछ । उहाँलाई उद्धार गरेर पठाइसकिएकोरहेछ ।'

त्यसवेलाको समय सम्झँदा पेम्बा ओङ्चुको मथिंगल हल्लिन्छ । त्यसवेलाको समय सम्झन पनि चाहँदैनन् उनी । उनले नजिकबाट मान्छेको मृत्यु देखे । त्यसवेला शव संकलन गरेर पठाउनेहरूमा यी दाजुभाइ पनि नै थिए । त्यसपछि माइला पेम्बा छुङ्बाले सगरमाथाको बाटो त्यागे । त्यो घटनाले उनलाई सगरमाथा जान मन लागेन । त्यसैले अहिले उनी ट्रेकिङ गाइड मात्रै गर्छन् ।

खुट्टामा आठ टाँका लगाएर सगरमाथाको शिरमा

पेम्बाको अनुभवमा हिमालमा हरेक पाइला महत्त्वपूर्ण हुन्छ । शरीरले जुनसुकै वेला काम नगर्ने उनको भोगाइ छ । सन् २०१९ मा उनी विदेशी टोलीसहित सगरमाथा आरोहण गर्न लम्किए । उनको टिम क्याम्प तीनभन्दा माथि पुगेको थियो । तर, त्यो दिन यात्रा बाटोमै रोकियो । हिउँको ढिक्का आएर उनको खुट्टामा बजारियो । धन्न उनको खुट्टामा गहिरो चोट मात्र लाग्यो, भाँचिएन । उनलाई उद्धार गरेर क्याम्प तीन ल्याइयो । त्यसपछि हेलिकोप्टरबाट लुक्ला अस्पतालमा लगियो । खुट्टामा आठवटा टाँका लगाएर भोलिपल्ट फेरि टिमसँगै शिखर चढ्न आधारशिविर फर्किए ।

'धन्न मेरो खुट्टा भाँचिएन । खुट्टामा आठवटा टाँका लगाउनुपऱ्यो,' पेम्बा त्यो घटना सम्झँदै भन्छन्, 'तीन दिनपछि सगरमाथाको सफल आरोहण गरेँ । त्यसवेला मेरो खुट्टाको टाँका खोलेको थिएन । काठमाडौंमा आएर एक हप्ता आराम गरेँ । त्यसपछि खुट्टाको टाँका नखोली केटु हिमाल आरोहण गरेँ । त्यसवेला मेरो आत्मबल बलियो थियो । त्यसैले पनि आरोहण गर्न सफल भएँ ।'

यस्ता सयौंपटक मृत्युलाई नजिकबाट देखेका छन् पेम्बा ग्याल्जेनले । उनले कुनै न कुनै खोँचमा हिउँले पुरिएका आरोहीको शव देख्छन् । त्यतिवेला उनलाई पनि डर लाग्छ । भन्छन्,'मेरो पनि यस्तै हालत पो हुने हो कि ? अब परिवारसँग भेट न होला कि ? यस्तो लाग्छ ।'

'हिमाल चढ्न ठूलो जोखिम मोल्नुपर्छ । सधैं मौसम एकनाश हुँदैन । जुनसुकै वेला हिमपहिरो आउन सक्छ । रक फलको अर्को उच्च जोखिम छ । शरीर सधैं फिट हुन्छ भन्ने पनि हुँदैन । शरीरले जुनसुकै वेला काम नगर्न सक्छ । चुनौतीको चाङ बोकेर हिमाल जानुपर्छ,' पेम्बा भन्छन् 'हिमालमा हरेक पाइला महत्त्वपूर्ण हुन्छ । पाइला-पाइलामा मृत्युलाई जितेर आरोहण सकेर फर्किन्छौं ।' उनले हिमालमा अभरमा परेका सयौं आरोहीको उद्धार पनि गरेका छन् । भन्छन्,'मैले सयौंको उद्धार गरेको छु । मत्युलाई नजिकबाट देखेको छु । आँखैअगाडि आरोहीहरूले हिउँपहिरोमा परी ज्यान गुमाएका छन् । कतिपय आइसफलमा पुरिएका ज्यान गुमाएका छन् । उनीहरूको शव खोजेको छु । टुक्राटुक्रा भएको शरीर पनि जम्मा पारेर ल्याएको छु ।'

पेम्बासँग हिमालमा चढ्दा आफूसँगै गएका साथीहरू हिमपहिरोमा गुमाएको अनुभव छ । उनी भन्छन् 'फर्किएर नआउन्जेल जोखिम छ । हिमाल चढ्दा पाइला-पाइलामा मृत्यु छ । बेसक्याम्पबाट सम्पर्क गरिरहेको हुन्छ । बेसक्याम्पबाट सम्पर्क गरिरहेको मान्छे एकैछिनमा सम्पर्कमा आउँदैन । जीवनको केही भर हुँदैन ।'

हिमाल चढ्नु बाध्यता

अब भने तीन दाजुभाइलाई हिमाल नचढ्नु भनी परिवारबाट दबाब आउन थालेको छ । 'हामीले गरेको कामबाट बुबाआमा खुसी त हुनुहुन्छ, तर अब हिमाल नचढ्न आग्रह गरिरहनुहुन्छ । तर, मनै मान्दैन' पेम्बा भन्छन् 'हिमाल चढ्नु हाम्रा लागि बाध्यता पनि हो । राम्रो पूर्वतयारी गर्ने हो भने ९० प्रतिशत जोखिम आफ्नो नियन्त्रणमा गर्न सकिन्छ ।'

साइला पोम्बा ग्याल्जेन हिमाल चढ्ने सीप मात्रै आफूहरूले सिकेको बताउँछन् । उनी थप्छन् 'परिवार र आफन्तबाट हिमाल चढ्न छोड्नुपर्छ भन्ने कुरा आउँछ । अरू समुदायको मान्छे हिमाल चढ्न थालेका छन् । हाम्रो समुदायको पनि नयाँ पुस्ताका मान्छे कमै मात्रै हिमाल आएका छन् । तर, हामीले हिमाल चढेर संसारलाई चिनाएका छौं । हामीले यही पेसा शून्यदेखि सिकेका हौं । हामीले हिउँ र हिमालबाट धेरै सिकेका छौं । जीवनमा हिमाल चढ्ने सीपभन्दा अरू केही सिकेका छैनौं । यो पेसभन्दा अरूमा निर्भर रहनै सक्दैनौं ।'

प्रश्नहरूको बोझ हल्का गर्न कविता लेख्छु

१ हालसालै 'पर्वत पर्वतमा बटुवा घाम' प्रकाशित भएको छ। तपाईंको कविता लेखनको तीन दशकलाई फर्केर हेर्दा। समयान्तराल हेर्दा हरेक दशकजसो कवितासंग्रह आइरहेका देखिन्छन्। एकपछि अर्को संग्रह प्रकाशनका लागि कविहरू अधैर्य बनिरहेको वेला तपाईंचाहिँ एक-एक दशकको फरकमा संग्रह निकाल्नुहुन्छ। संग्रह निकाल्न अरूलाई जस्तो हतार तपाईंलाई किन लाग्दैन ?

लेख्ने मानिसको आन्तरिक संवेगको अवस्था, बाहिर देखिएको घटनाले गरेको चोटिलो स्पर्श र सोचको मन्थनले निस्कने कलात्मक प्रस्तुति सधैँ भइरहने घटना होइनन्। राम्रो कविता आफैँमा एक दुर्लभ संयोग हो। एक दशकपछि संग्रह आउने खास कारण त यस्ता संयोग कम घटित भएर नै होला। मनमा उथलपुथल नभई बल गरेर कविता कहिले लेख्दिनँ। अर्को कुरा कवितामा नयाँ कुरा होस्, आफ्नै कुराको पुनरावृत्ति नहोस् भन्ने प्रयास पनि रहन्छ। संग्रह लामो अवधिपछि निस्किँदा ताजापन र नवीनता आउँछ भन्ने मेरो विश्वास छ। अर्को कुरा, फिरन्तेजस्तो मेरो जीवनयात्रा आफ्नै प्रकारका उल्झनमा भएकाले लामो समय लाग्ने बनाउँदो हो।



५ प्रश्न

● रमेश क्षितिज
कवि/गीतकार

मलाई जीवनबोधी कविता मनपर्छ। कविताको कोमलता, कलात्मकता, चिन्तनको एक तहमा उभिएर उसले बोलेको भाषा मनपर्छ । तर कविले आफू बाँचेको समय लेख्छ। मेरा कविता मेरो समय वा वर्तमानभन्दा पर छन् भन्ने मलाई लाग्दैन।

२ तपाईं कवितामा कोमलता लेख्न रुचाउनुहुन्छ। समाजका राजनीतिक, सामाजिक तथा सांस्कृतिक मुद्दामाथि तपाईं अलि कम लेख्नुहुन्छ भन्ने सुनिन्छ। एउटा कविलाई आफूसँगसँगै समाजले बाँचिरहेको, भोगिरहेको समयकालखण्ड नलेख्ने छुट हुन सक्छ ?

कविले के लेख्ने, कस्तो लेख्ने नितान्त उसको कुरा हो। सबैले एकैप्रकारको कविता लेख्नुपर्छ भन्ने होइन। तपाईंले भनेजस्ता कविता प्रशस्त आइरहेका छन्। छापिने, चर्चित हुने र पुरस्कृत हुने त्यस्तै कविता हुन् अचेल। तर, मेरो हकमा भन्नुपर्दा कविता मैले आफ्ना लागि लेखेको हो। आफैँले रुचाएर हिँडेको फरक बाटो हो यो। लेख्दा आनन्दको अनुभूति हुने भएर, आफूलाई प्रश्नहरूको बोझबाट हल्का गर्न लेखेको हुँ। कविता लेखेर आनन्दित नहुँदो हुँ त लेख्ने थिइनँ। त्यो अर्कै कुरा कि लेखिसकेपछि कविता पाठकको बन्छ र यसको उपयोग र उद्देश्य कविले सोचेभन्दा फरक पनि बन्छ।

मलाई जीवनबोधि कविता मनपर्छ। कविताको कोमलता, कलात्मकता, चिन्तनको एक तहमा उभिएर उसले बोलेको भाषा मनपर्छ। तर, कविले आफू बाँचेको समय लेख्छ। मेरा कविता मेरो समय वा वर्तमानभन्दा पर छन् भन्ने मलाई लाग्दैन। यत्ति हो, सपाट भाषा वा नाराले मलाई कहिल्यै आकर्षित गरेन।

३ समीक्षकहरू भन्छन्- तपाईंका तीनवटै संग्रहमा कविताको लेखन शैली उस्तै-दुरुस्तै देखिन्छ। कतिले यसलाई कविले आफ्नो शैली पछ्याएको वा धार परिवर्तन नगरी ठीकै गरेको भन्छन्। तर, कतिले फेरि क्षितिजका कवितामा नयाँ शैलीशिल्प विकास हुन सकेन, पुनरावृत्ति भइरह्यो भनेर गुनासो पनि गर्छन् नि !

यो कुराचाहिँ कसैले मलाई नै 'तपाईं जहिले भेट्दा नि रमेश क्षितिजजस्तै देखिनुहुन्छ' भनेजस्तो हो कि ? मेरो कविताको शिल्प, चिन्तन र मौलिकता मजस्तो नै हुने हो। नत्र मेरो कविता भनेर कसरी थाहा हुन्छ ? त्यही मेरोपन र शैलीलाई स्थापित गर्न त मैले लामो संघर्ष गरे हुँला। म मानिस उही हुँ। तर बाल्यकाल, युवा र प्रौढ अवस्थामा केही शारीरिक र मानसिक परिवर्तन हुन्छ। त्यसरी नै मेरो कविताको शैली वा पहिचान मजस्तो हुने भयो। तर, यसका विषयवस्तु, चिन्तन र केही प्रयोग फरक र गतिशील भइरहन्छन्। आफ्नो प्रकारको विकास र समृद्धि भइरहन्छ लेखन यात्रामा पनि। त्यसैले मेरा संग्रहमा केही एकरुपता छ भने धेरै विविधता पनि छ। संग्रह तयारी गर्दा सबैभन्दा बढी सोच्ने प्रश्न नै यही हो- मेरा पहिलेका संग्रहभन्दा के कारणले फरक छ यो ? के छ यसको नवीनता ?

४ धेरै कवि/लेखक निजामती सेवामा रहँदै साहित्यसाधना गरिरहेको पाइन्छ। समग्रमा निजामती सेवाप्रति आमजनगुनासो र असन्तुष्टि सुनिन्छ। एक कोमल कवि हुनुका नाताले आफूले काम गरिरहेको क्षेत्रप्रति आममानिसको यस्तो गुनासो सुन्दा कस्तो महसुस हुन्छ ? साहित्यसाधनाका लागि चाहिने भावना, संवेदना, नैतिकता वेलावेला डगमगाउँछ कि भन्ने डर लाग्छ ?

निजामती सेवा मात्र किन राजनीति, पत्रकारिता, साहित्य कुनै पनि क्षेत्रमा त्यही समाजका सदस्यहरू जाने हो, छुट्टै ठाउँबाट आउने त होइन। त्यसैले निजामती सेवा पनि त्यस्तै हुन्छ, जस्तो यो समाज छ। मूल्य, मान्यता र आदर्शले समाज परिचालन भयो भने त्यसको विस्तार सबैतिर हुने हो। समाजमा मूल्यको क्षयीकरण भयो भने त्यसको प्रभाव सबैतिर हुन्छ। जहाँ पनि असल र खराब पक्ष हुन्छ नै। निजामती सेवामा पनि सुधारको खाँचो छ भन्ने कुरा म मान्दछु। तर, आफ्नो नैतिकता, इमान र निष्ठाले चलेका मानिस पनि समाजमा छन्। हामीले त्यस्ता मानिसलाई आदर्श बनाएर हिँड्नुपर्छ। कविताले त अझ मानिसलाई मूल्यबोध गर्न सघाउनुपर्छ। कवि भनेको सपना देख्ने मानिस हो। म हाम्रो समाज सुन्दर भएको सपना देख्छु। आफूले यो समाजलाई केही राम्रो कर्मले सजाउन पाए हुन्थ्यो भने सदिच्छा पनि हुन्छ नै।

५ पछिल्लो समय कविको उपस्थिति विशेष गरी आख्यानमा बाक्लिँदै गइरहेको छ। यसमा एकाध कारण बजार, बिक्री पनि हुन सक्लान्। तर, कविता लेखेपछि आख्यानमा जानैपर्ने नैतिक दबाबको बाध्यात्मक स्थिति निर्माण हुँदै छ। अरू कविभन्दा तपाईं पनि आख्यानमा हामफाल्ने सम्भावना कत्तिको छ ?

यसलाई हाम फाल्ने नभनौँ। साहित्य साहित्य नै हो, चाहे त्यो जुनसुकै विधा किन नहोस्। कविता लेखिरहेको मानिस आख्यानमा आउनु स्वाभाविक लाग्छ मलाई। कविताले भाषाको सुन्दर जग बसाइदिन्छ, त्यसैले कवितालेखनको अभ्यासले गद्यलेखन पनि सुरुचिपूर्ण बन्छ। आफूलाई जुन विधामा अभिव्यक्त गर्न सहज हुन्छ त्यसैमा लेख्ने हो। यत्ति हो, केही नयाँ कुरा दिन सकिँदैन भने यताबाट उता लाइन बस्न जानु वा दलबदल गर्नुको कुनै तुक रहँदैन।

समय व्यवस्थापनको कठिनाइ नहुँदो हो त म पनि उपन्यास लेखिसकेको हुन्थे हुँला। तर, तपाईंको यो प्रश्नको जवाफ अर्को वर्ष मेरो कथासंग्रह आउने समयमा अझ राम्ररी दिनेछु है।

प्रस्तुति : **मीनराज बसन्त**

बजारअनुसार चल्नुपर्ने रहेछ

नेपाली गीत-संगीत क्षेत्रको चर्चित नाम हो, यम बराल। १२ वटा एल्बम निकालिसकेका उनले सुगम संगीत, राष्ट्रिय गीत, भजन र पार्श्वगायनसमेत गरेर झन्डै हजार गीत गाएका छन्। उनले केही गीतमा संगीतसमेत भरेका छन्। 'निष्ठुरीले छाडेर गइहाली, बादलुको घुम्टोले, मन रहे पो माया प्रीति, दिलमाया, अब चोटहरूले लगायत उनका चर्चित गीत हुन्। गायक बरालले आफ्नो सांगीतिक यात्राबारे पवन बराइलीसँग **यसरी आत्मसमीक्षा गरे :**



मैले आफूलाई विगत तीन दशकदेखि संघर्ष गरिरहेको यम बराल भन्न रुचाउँछु। गीत-संगीतमा अझै संघर्ष नै गरिरहेको छु। मेरो संघर्षशील जिन्दगीमा सांगीतिक उचार चढाव आए पनि आफूलाई 'ब्यालेन्स' गरेर अघि बढेँ। सबैलाई सम्मान दिएको छु। अरूको पनि माया र सम्मान पाएको छु। जीवनको यो घडीमा अझै नयाँ गर्न खोजिरहेको छु। आफूलाई ऐनामा हेर्दा पनि केही नयाँ काम गर्नुपर्छ भन्ने महसुस हुन्छ। जीवनमा धेरै काम गर्न बाँकी छ जस्तो लाग्छ। सधैँ गीत-संगीत क्षेत्रमा समर्पित छु। मेरा लागि संगीत नै जीवन हो। संगीतले मलाई माया दिलाएको छ। सधैँ आफूलाई दर्शक-श्रोताको दायित्व बोकेर हिँडिरहेको छु।

> जीवनको यो घडीमा आफूलाई अझै नयाँ गर्न खोजिरहेको छु। आफूलाई ऐनामा हेर्दा पनि केही नयाँ काम गर्नुपर्छ भन्ने महसुस हुन्छ। जीवनमा धेरै काम गर्न बाँकी छ जस्तो लाग्छ।

बादलुको घुम्टोले भाग्य दिलायो

५०/५१ सालतिरको गीत हो। त्यो वेला मेरो संघर्षको समय थियो। म आफैँ पनि कता जाँदै छु भन्ने बाटो थाहा थिएन। हुन त मैले ०४८ मा रेडियो नेपालमा 'भ्वाइस टेस्ट' गरेको थिएँ। त्यसपछि दिनेश सुब्बा दाइको संगीतमा 'सागरभन्दा पनि प्रीत गहिरो...' बोलको गीत गाएको थिएँ। यो गीत सामान्य रूपमा एफएमहरू बज्यो। यही गीतबाट रेडियो नेपालबाट पुरस्कृत पनि भएको थिएँ।

संगीतकार बुद्धवीर लामा इलामकै हुनुहुन्थ्यो। उहाँ र मेरो भेट भइराख्थ्यो। उहाँले मलाई एउटा गीत छ गाउने हो भन्नुभयो। उहाँले एउटा गीत रच्नुभएको रहेछ। जुन गीत थियो 'बादलुको घुम्टोले...'। त्यसपछि दिनेश सुब्बा दाइको संगीतमा गीत रेकर्ड गर्ने कुरा भयो। गीत रेकर्ड गर्न १५-२० दिनअघि अभ्यास गर्नुपर्थ्यो। त्यतिवेला रेडियो नेपालमा लाइभ रेकर्ड गर्नुपर्थ्यो। निकै मिहिनेत गरेर पूर्वाभ्यास गर्‍यौं। संगीत र ऐरेन्ज पनि दिनेश सुब्बाले गर्नुभएको हो। ३०-३५ जना संगीतकर्मीबीच लाइभ रेकर्डिङ भयो। मलाई अझै याद छ, 'वान टेकमै' गीत फाइनल भएको थियो। त्यसवेला रेडियो नेपालमा 'अनुरोध संगीत' भन्ने कार्यक्रम थियो। त्यो कार्यक्रममा गीत बज्न थाल्यो। त्यसपछि मलाई देश-विदेशबाट चिठीहरू आउन थाले। देशव्यापी रूपमा यो गीतको लोकप्रियता बढ्यो। रेडियो तथा एफएमहरूमा अत्यधिक बज्यो। यो गीतले साँच्चै यम बरालको जन्म गरायो।

त्यसपछि देश-विदेशका कार्यक्रमहरूमा व्यस्त भएँ। रेडियो नेपालमा विभिन्न संगीतको कार्यक्रम चलाउँथेँ। यो गीत हिट भएपछि रेडियो नेपालको जागिर पनि छोड्नुपर्ने अवस्था आयो। कार्यक्रम चलाउने समय नै निकाल्न सकिनँ। बिस्तारै सांगीतिक क्षेत्रमा मेरो व्यस्तता बढ्यो। यो गीतले मलाई ठूलो भाग्य दिलायो। यो गीतको संगीतकार र गीतकारलाई विशेष धन्यवाद दिन्छु। त्यसवेला रेडियो नेपालमा 'अनुरोध संगीत' भन्ने कार्यक्रम थियो। त्यो कार्यक्रममा 'बादलुको घुम्टो...' गीत बज्न थाल्यो। त्यसपछि मलाई देशविदेशबाट चिठीहरू आउन थाल्यो।

म्युजिक भिडियोको जमाना थिएन। त्यसवेला गीत सुन्ने समय थियो। अहिले पनि यो गीतको भिडियो बनेको छैन। अब यो गीतको भिडियो बनाउने रहर छ।

आफ्नो स्वर्णिम समय सम्झन्छु

त्यसपछि सिनेमामा पार्श्वगीत गाउन थालेँ। केही सिनेमाका गीतहरू हिट पनि भए। देश-विदेशका कार्यक्रमहरू जान थालेँ। जीवनमा कालखण्डसम्म आइपुग्दा आधुनिक गीत-संगीतमा इँटा थपेँ जस्तो लाग्छ। त्यसवेला दर्शकको अत्यधिक माया पाइन्थ्यो। ३०-३५ ब्यान्डसहित लाइभ प्रस्तुति दिइन्थ्यो। त्यसवेला स्टेजमा प्रस्तुत गरेको अविष्मरणीय क्षण सम्झन्छु। साँच्चै त्यसवेला मेरा लागि स्वर्ण युग थियो। त्यो समय फेरि कमब्याक हुन गाह्रो हुन्छ। त्यही समय फर्काउने कोसिस गर्दै छु। अब फेरि 'लाइभ ब्यान्डसहित सांगीतिक प्रस्तुतिहरू दिन थालेको छु। ट्र्याकमा धेरै गीत गाएँ। लाइभ ब्यान्डसहित सांगीतिक प्रस्तुति दिने इच्छा छ। केही समयअघि काठमाडौंमा यम बराल एकल सांगीतिक साँझ भयो ।

त्यसवेला सामूहिक स्वार्थका लागि गीत गाइन्थ्यो। विदेशमा कर्मसियल कार्यक्रम मात्रै गीत गाइँदै थियो। देशलाई विपत्ति पर्दा पनि गीत गाइन्थ्यो। देशको राष्ट्रियता लागि विदेशका कार्यक्रम थुप्रैपटक गीत गाएको छु। त्यसैले मलाई कुनै गीत गाउन पाइनँ भन्ने लाग्दैन। देशका लागि पनि गीत गाएको छु। अहिले समयअनुसार चल्नुपर्छ। त्यसैले फेरि समयअनुसार चल्न खोजिरहेको छु। पहिले कम्पनीले गीतको एल्बमलाई लगानी गर्थ्यो। अहिले एल्बमलाई लगानी गर्ने अवस्था छैन। समय परिवर्तन भइसकेको छ। अहिलेको बजारअनुसार चल्नुपर्ने रहेछ। यसलाई स्वीकार पनि गर्नुपर्छ।

म अझै पनि गाइरहेकै छु। अब कुन रूपमा बढ्ने भन्ने प्रमुख कुरा हो। अहिले दर्शक-श्रोतासँग पुग्ने भनेको डिजिटल प्लेटफर्मबाट नै हो। मसँग असंख्य गीत छन्। अहिले गीत मात्रै निकालेर हुँदैन। म्युजिक भिडियो पनि ल्याउनुपर्छ। यसका लागि खर्च धेरै छ। सबै कुराहरू मिल्नुपर्छ। खर्च

साप्ताहिक राशिफल

२७ माघ (शनिबार) - ४ फागुन (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

सञ्चित कर्मको फल पाउने साता रहेको छ। वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ। आफन्तसँगको भेटघाटले मनमा प्रसन्नता थपिएला। गरेको कामबाट प्रशंसा मिल्नेछ। साताको अन्त्यमा सानै प्रयासले पनि महत्त्वपूर्ण काम बन्नेछन् ।

वृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

प्रतिष्ठित काम प्राप्तिको योग रहेको छ। धेरैलाई प्रभावित पार्ने समय रहेको छ। व्यावसायिक कामबाट सोचेको लाभ मिल्नेछ। विद्यामा पनि प्रगति हुनेछ। दाम, इनाम र प्रतिष्ठा पनि कमाउने वेला छ। साताको अन्त्यमा नयाँ कार्यको थालनी तथा नयाँ जिम्मेवारी प्राप्तिको योग रहेको छ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)

धार्मिक वा सामाजिक काममा सरिक हुने योग रहेको छ। व्यावसायिक काममा सोचेअनुसार नै उन्नति हुनेछ। राजनीति तथा नोकरीमा आफन्तको सहयोगमा कार्यसिद्धिको समय रहेको छ। आयआर्जन पनि प्रशस्त हुनेछ। प्रेम र मित्रताको गाँठो कसिएला।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

धार्मिक कृत्यमा रुचि बढ्नुका साथै धार्मिक भ्रमणमा नयाँ कामको थालनी हुने समय रहेको छ। आफ्नो क्षेत्रको नेतृत्व हात लाग्ला। बुधबार र बिहीबार व्यापार बढ्नुको साथै आयमूलक काममा पनि सफलता नै मिल्नेछ। साताको अन्त्यमा पारिवारिक मिलनको समय रहनेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

सुरुको समय मनोरञ्जनपूर्ण रहला। शत्रु पक्ष पछि हट्नेछन्। प्रेम र मित्रताको गाँठो कसिएर जाला। बुधबार भने मनमा खिन्नता बढ्ने योग रहेको छ। महत्त्वपूर्ण सामान हराउने तथा चोरी हुने सम्भावना छ। साताको अन्त्यमा समयले साथ दिनेछ। धर्मकर्ममा मन जाला।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

प्रेमको बन्धन कसिने तथा नयाँ सम्बन्ध जोडिने साता रहेको छ। रमाइलो जमघटमा सरिक भइएला। पारिवारिक सरिक यात्रासमेत सम्भावित छ। बिहीबार र शुक्रबारको समय अलि कमजोर रहला। सानातिना झमेलामै समय खर्चिने योग रहेको छ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)

बौद्धिक तथा व्यावसायिक पक्षबाट लाभ उठाउने मौका छ। शत्रु परास्त भएर जालान्। मुद्दासमेत किनारा लाग्नेछन्। काममा अवश्य पनि उत्साह थपिनेछ। मित्रताको गाँठो कसिएर जाला। नयाँ प्रेमसम्बन्ध स्थापित हुन सक्छ। पारिवारिक झमेला तथा काममा बाधा हुनेछ।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा व्यापार-व्यवसाय तथा बौद्धिक क्षेत्रमा राम्रो प्रगति हुनेछ। प्रतिस्पर्धी कमजोर रहनेछन् आर्थिक पक्ष पनि सबल बन्नेछ। बिहीबार स्वास्थ्यमा सुधार र काममा उत्साह थपिनेछ। प्रेमको बन्धन कसिलो हुँदै जानेछ। साताको अन्त्य निकै नै उत्साहपूर्ण रहनेछ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको प्रारम्भमा काममा सोचेजस्तै सफलता मिल्नेछ। सहयोगीले साथ दिनेछन् र उत्साह पनि बढ्नेछ। बुधबारको समय भने कमजोर रहला। निर्णय गलत ठाउँमा पर्नाले फाइदा अर्कैले लिन सक्छ। साताको अन्त्यमा कर्मयोगका थप बाटा खुल्नेछन्।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको प्रारम्भमा उद्योग-व्यवसायमा सोचेअनुसारको सफलता मिल्नेछ। प्रतिस्पर्धीले हार माने पनि अरूको भरपर्ने समय भने छैन। आफन्तसँगको विश्वासमा पनि कमी आउला। बुधबार खानपानको असावधानीले स्वास्थ्यमा समस्या आउला।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)

खर्चको मात्रा बढे पनि प्रियजनसँग भेटघाट हुनेछ। पार्टी, पिकनिकमा सरिक हुने मौका मिल्नेछ। पारिवारिक जमघटमा नयाँ कार्यको थालनी हुनेछ। बुधबारदेखि पराक्रम पनि बढेर जानेछ। साताको अन्त्यमा आफन्तकै विश्वासघातमा परिएला। झुटा आरोप आइलाग्ने सम्भावना छ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सुरुमा प्रशस्त आम्दानीको योग भए पनि खर्चको मात्रा बढ्ने देखिन्छ। वैदेशिक काम सोचेअनुसार कामहरू बन्नेछन्। सोमबार प्रियजनसँग अर्थपूर्ण भेटघाटको योग रहेको छ। साताको अन्त्यमा प्रशंसक थपिएर जालान्। भाग्यले साथ देला।

नागरिकता बन्यो सपनाको बाधक

जादुमय खेल देखाउने हिरन्मईको राष्ट्रिय टिमको यात्रा अघि बढ्न सकेन। डेब्युको केही महिनामै उनी राष्ट्रिय टिमबाट बाहिरिनुपर्ने बाध्यता आइपऱ्यो। अहिले उनी टिमबाट मात्र होइन, देशबाटै बाहिरिएकी छिन्। उनको क्रिकेट करिअरमा 'ब्रेक' लाग्ने एउटै कारण बन्यो, नागरिकता।

झापाको दमक-४ कृष्ण मन्दिरकी क्रिकेटर हिरन्मई राय(१७)को सपना नेपालको जर्सी लगाएर देशलाई विश्वसामु पुऱ्याउने थियो। सानै उमेरदेखि क्रिकेटर बन्ने सपना बोकेकी हिरन्मईले १५ वर्षकै उमेरमा नेपालको जर्सी लगाउँदै सपना पूरा गरिन्। सिनियर महिला क्रिकेट टिमको महत्त्वपूर्ण सदस्य बन्दै हिरन्मईले ०७९ जेठमा युगान्डाविरुद्ध खेलिन्। लेगस्पिनर हिरन्मईले पहिलो खेल्दै 'जादु' देखाइन्। अर्थात् राष्ट्रिय टिमको जर्सी लगाएर डेब्यु गरेको खेलमै म्यान अफ द म्याच भइन्। यू-१९ मा उनको खेलबाट प्रभावित भएर सिनियर टिममा ल्याइएको थियो। त्यसवेला युगान्डाविरुद्धको शृंखलामा नेपालले लगातार तीन खेलमा हार व्यहोरेको थियो। हिरन्मई टिममा आएसँगै उनको योगदानले नेपालले जित हात पारेको थियो। तर, जादुमय खेल देखाउने हिरन्मईको



भाइरल हुने शब्द राखेर गीत गायो भने भाइरल हुने सम्भावना पनि छ। त्यो गरौं कि नगरौं। त्यसबीचको खाडल छ। मैले भाइरललाई सोचेर काम गर्ने कि ? नेपाली गीतसंगीतको दिर्घजीविको लागि काम गर्ने ? भन्ने प्रश्न आफूलाई गर्छु।

...अनि दोस्रो विवाह गरैं

पहिलो विवाहलाई फर्केर हेर्न चाहन्नँ। त्यो मेरो जीवनको एउटा पाटो थियो। तर, यसले व्यावसायिक जीवनका असर पर्नेरहेछ। त्यो वेला पुरानै सांगीतिक जीवनमा फर्कन ६-७ महिना लाग्यो। बगिरहेको खोलाले धार परिवर्तन गर्दा कस्तो हुन्छ होला ? मेरो जीवनमा पनि त्यस्तै भएको थियो। एक बारको जीवनलाई कसरी सुन्दर बनाउने भन्नेतिर नै लागिरहैं। त्यही घटना लिएर नराम्रो निर्णय गर्नुहुँदैन भन्ने लाग्यो।

त्यो वेला अमेरिका आउँदा परिवार नै सेटल हुने योजना थियो। तर, जीवनमा जुन घटना घट्यो त्यसपछि अमेरिकामा सजिलै सेटल हुन सकिनँ। म एक्लो थिएँ। आफू अमेरिकामा, छोरा एक्लै नेपालमा भयो। त्यो मेरो विछोडको समय थियो। अमेरिकामा सोचेजस्तो सजिलो भएन। र, म त्यो समय फर्केर हेर्दिनँ। त्यो समय अमिलो लाग्छ। त्यो समयलाई सधैं सम्झनु पनि हुँदैन। अब जीवन पुरानै लयमा फर्किसक्यो।

पहिलो विवाह भत्किएपछि दोस्रो विवाह गर्दिनँ भनेर बसेको थिएँ। छोरालाई कसरी राम्रोसँग पढाउने भन्ने कुरामा बढी केन्द्रित थिएँ। लामो समय एक्लो भएँ। छोरालाई पनि होस्टेलमा राखैं। कार्यक्रमहरूमा व्यस्त हुन थालैं। छोरालाई समय दिन सकिनँ। लामो समय उसले पनि आमाको माया पाएन। त्यसैले उसलाई आमाको महसुस भएको रहेछ। एक-दुईपटक छोराले पनि गीता (अहिलेकी श्रीमती)लाई भेटेको थियो। हामीले विवाह गर्ने सोच गरेका थिएनौं। हामी साथीको रूपमा थियौं। बिस्तारै छोरा पनि हुकिँदै गयो। उसको सोच पनि दूलो हुँदै गएछ। उसले आफ्नो आवश्यकता खोज्न थाल्यो। उसले आफ्नो आमाको माया पाएन। त्यसैले आमाको महसुस भएर होला, छोराले मेरो पर्समा 'म्यारी विथ गीता' भनेर राखेको रहेछ। अब छोरालाई कसरी केयर गर्ने भन्नेबारे मात्रै सोचिरहेको थिएँ। उसको भविष्यका लागि मात्रै बढी चिन्तित थिएँ। छोराका लागि भए पनि विवाह गर्नेबारे सोच्न थालैं। छोरालाई आमाको कमी महसुस नहोस् भनेर नै दोस्रो बिहे गरैं।

अहिले हाम्रो जीवन सुखमय बितिरहेको छ। छोरा पनि खुसी छ, आमाको माया पाएको छ। बुढेसकालमा तातोपानी दिने साथी चाहिन्छ भन्ने नेपाली उखान नै छ। यो उखान पनि सही हो जस्तो लाग्यो।

विवाह भनेको एक-अर्काको प्रगतिमा सहयोग गर्ने हो। एक-अर्काका लागि केयरिङका लागि पनि विवाह ठीक रहेछ भन्ने लाग्यो। यसले गर्दा वैवाहिक जीवनलाई सकारात्मक रूपमा लिनुपर्छ।

त्यसवेला सामूहिक स्वार्थका लागि गीत गाइन्थ्यो। विदेशमा कर्मर्सियल कार्यक्रममा मात्रै गीत गाइँदै थियो। देशलाई विपत्ति पर्दा पनि गीत गाइन्थ्यो। राष्ट्रियताका लागि विदेशका कार्यक्रममा थुप्रैपटक गीत गाएको छु। त्यसैले मलाई कुनै गीत गाउन पाइनँ भन्ने लाग्दैन। अहिले समयअनुसार चल्न खोजिरहेको छु। पहिले कम्पनीले गीतको एल्बमलाई लगानी गर्थ्यो। अहिले एल्बमलाई लगानी गर्ने अवस्था छैन। अहिलेको बजारअनुसार चल्नुपर्नेरहेछ।

गरेर रिटर्न भएन भने के गर्ने ? हिजोआज राम्रो चिज बिक्न गाह्रो छ। विवादित कुरा छिट्टै बिक्छ। राम्रो गीत निकाले हेर्दैनन्। यस्तो जमाना पनि आएको छ। अहिले सोचेर मात्रै काम गर्नुपर्छ। त्यो समय फेरि आउँछ। भाइरल हुने समय आयो।

भाइरल हुने शब्द राखेर गीत गायो भने भाइरल हुने सम्भावना पनि छ। त्यो गरौं कि नगरौं। त्यसबीचको खाडल छ। भाइरललाई सोचेर काम गर्ने कि नेपाली गीत-संगीतको दीर्घजीवीका लागि काम गर्ने भन्ने प्रश्न गर्छु। राम्रो सिर्जना भएका गीत चल्नुपर्छ। विवादित कुरा मात्रै चल्नुपर्छ भन्ने लाग्दैन। मेरा पनि केही कमी-कमजोरी हुन सक्छन्। त्यसलाई म स्वीकार गर्छु। कस्तो किसिमका संगीत गर्ने हो भन्ने बुझेर अघि बढिरहेको छु। जाने-बुझेर नै नयाँ गीतहरूको तयारी गरिरहेको छु।



राष्ट्रिय टिमको यात्रा अघि बढ्न सकेन

बोलाइयो। उनले एसइईभन्दा राष्ट्रिय टिममै भविष्य देखिन्। परीक्षा दिन पाइनन्। परीक्षा छुटाएर प्रशिक्षण गरे पनि कागजात नपुगेका कारण मलेसियामा हुने खेल गुमाउन पुगिन्। खेल मात्र गुमाइनन्, देशबाट खेल्ने सपनाको पनि 'हत्या' भयो।

नेपाली क्रिकेटमै केही गर्न सपना बुनेर तत्कालीन प्रदेश-१ को यू-१९ टोलीबाट खेल्दै राष्ट्रिय टिममा पुगेकी हिरन्मई अहिले भारत पुगेकी छन्। 'नागरिकताका कारण मलेसिया खेल्न जान पाइनँ। त्यसपछि मलाई राष्ट्रिय टिममा नै पारिएन। देशका लागि केही गरौं भनेको देश नै छाड्नुपर्ने बाध्यता आयो,' हिरन्मई भन्छिन्, 'नेपालमा खेल्न पाएको भए केही गर्थैं भन्ने लाग्छ। तर, नपाएपछि मन अमिलो बनाएर भारतको जल्पाइगुडी आएर प्रशिक्षणमा सहभागी भइरहेको छु। यहींको टिमबाट खेलिरहेको छु। अब यतैको टिमबाट खेल खेल्छु।'

हिरन्मईका बुबा वीरेन ०३६ सालमा भारतको जल्पाइगुडीबाट नेपाल आए। घुम्न नेपाल आएका वीरेनलाई नेपालले यसरी तान्यो कि फर्कनै मन लागेन। अर्काको खेती गर्दै मजदुरी गर्दै नेपाल नै बस्ने निधो गरे। त्यसयता उनी नेपालमै छन्। तर, नेपाली कागजात भने उनले बनाएनन्। 'पहिला त कागजातको मतलब नै थिएन। मैले नेपालको केही कागजात नै बनाइनँ,' उनले भने। भारतबाटै विवाह गरेर श्रीमती ल्याए पनि उनी नेपाल नै बसे। अहिले दमक-४ कृष्ण मन्दिरमा चिया पसल गरेर जीविकोपार्जन गरिरहेका छन्। 'दुई जम्लिया छोरी र एक छोरा नेपालमै जन्मिए। जन्मदर्ता छ। तर, नागरिकता बनेन,' उनी भन्छन्, 'राष्ट्रिय टिममा परेपछि मैले छोरीका लागि नागरिकता बनाउन वडा कार्यालय, प्रशासन त कति धाएँ-कति। तर, बन्न सकेन।'

वीरेनलाई क्रिकेट असाध्यै मन पर्ने। उनका दुई जम्लिया छोरी हिरन्मई र हैमवती पनि क्रिकेटर नै बने। जेठी छोरी हिरन्मईले नेपालको जर्सी लगाएर दुइटा अन्तर्राष्ट्रिय खेल पनि खेलिन्। 'छोरीको खेल टिभीबाट हेर्दै। गर्वले छाती फुलेको थियो। त्योवेला को त म बयान गर्ने सक्दिनँ,' वीरेन भन्छन्, 'मैले दुःख गरेर पढाएँ, हुर्काएँ। अहिले पनि म दुःखै गर्छु। यिनीहरूले पैसा कमाउँछन् र मैले सुख पाउँछु भन्ने छैन। बरु यिनीहरूको नाम लिँदा समाजले, देशले गर्व गरोस्, यिनीहरू शिर ठाडो बनाएर हिँड्न सकून्। सम्मान र इज्जतका साथ बाँच्न सकून्।'

तर, उनको खुसी धेरै दिन टिक्न सकेन। जब नागरिकताका कारण छोरीको राष्ट्रिय टिमको यात्रा रोकियो, त्यसपछि भने उनी विक्षिप्त छन्। 'अब छोरीले नागरिकता पाउन सकिन र देशको नामबाट खेल नै खेल्न पाइन, त्यसपछि साह्रै दुःख लाग्यो,' उनले भने, 'देशका लागि खेल्छु भन्ने, देशको नाम राख्छु भन्ने प्रतिभालाई देशले चिन्न सकेन।'

अहिले उनले छोरीलाई बाध्य भएर भारत लगेर राखेका छन्। 'नेपालमा उसको भविष्य बिग्रिने भयो भनेर भारतमा लगेर राखिदिएको छु। पाँच महिनादेखि उतै खेल्दै छे,' भक्कानिँदै वीरेन भन्छन्, 'छोरीहरूले नेपालमै केही गरून् भन्ने लागेको थियो। अब नहोला जस्तो छ।'

सेनाको जागिर छाडेर सम्पदा संरक्षणमा



यादवलालकै अग्रसरताका कारण उपत्यकाका दर्जनौं सम्पदा लोप हुनबाट जोगिएका छन्। पुरिएको ढुंगेधारामा कलकल पानी आउन थालेको छ। ऐतिहासिक पाटीपौवा, ढुंगेधारा, पोखरी, मठमन्दिर आदिको अस्तित्व जोगाउन यादवलालले सम्बन्धित निकायलाई घच्घच्याउने र अनुगमनसमेत गर्छन्।

काठमाडौं महानगरपालिका-१५ स्वयम्भू किमडोलमा पुरिएको मेय छ्यौंहिती उत्खनन गरिँदै।

काठमाडौं महानगरपालिका- १७ का यादवलाल कायस्थका दिन सम्पदा संरक्षणमा दौडिएरै बित्छ। बिहानदेखि बेलुकी अबेरसम्म उनी उपत्यकाका मूर्त तथा अमूर्त सम्पदा खोजी र संरक्षणमा दौडिन्छन्। कतै मूर्ति हरायो, कतै ढुंगेधारा पुरियो, कतै नयाँ मूर्ति फेला पऱ्यो त कतै मन्दिर तथा पाटीपौवा मिचिए भनेर उनलाई दिनहुँ स्थानीयवासीको फोन आउँछ। सम्पदाको अस्तित्व जोगाउन उनी आफ्नो निजी काम छाडेर अभियानमा लागेको एक दशक भयो। उनलाई सानोमा आर्मी बन्न मन लाग्थ्यो, हिरो बन्न रहर पनि थियो र त्यससँगै उनको मनभित्रै रहेको अर्को इच्छा र रहर सम्पदा संरक्षण पनि थियो। देशको सेवा गर्न सेनामा जागिरे भएका उनीले आफू सेनामा लागेपछि सम्पदा संकटमा पर्ने र कैयौं सम्पदाको अस्तित्व हराउने देखेपछि उनी जागिर नै छाडेर सम्पदा बचाउ अभियानमा लागेका हुन्।

यादवलालकै अग्रसरताका कारण उपत्यकाका दर्जनौं सम्पदा लोप हुनबाट जोगिएका छन्। पुरिएको ढुंगेधारामा कलकल पानी आउन थालेको छ। ऐतिहासिक पाटीपौवा, ढुंगेधारा, पोखरी, मठमन्दिर आदिको अस्तित्व जोगाउन यादवलालले सम्बन्धित निकायलाई घच्घच्याउने र अनुगमनसमेत गर्छन्। उनी कुनै ठाउँमा अनौठो ऐतिहासिक वस्तु भेटियो भने पुरातत्त्व विभाग र बुढापाकाकहाँ पुग्छन्। त्यसको अस्तित्व र महत्त्वबारे बुझेर संरक्षण गर्न सम्बन्धित निकायलाई हारगुहार गर्छन्।

यादवलाललाई बाल्यकालदेखि नै सम्पदाप्रतिको मोह थियो। काठमाडौं महानगरपालिका- १७ मा जन्मिएका उनले बाल्यकालदेखि नै सम्पदाबारे बुझ्ने मौका पाए। उनी भन्छन्, 'मेरो जन्म नै सम्पदैसम्पदा भएको ठाउँमा भयो, त्यसले होला मलाई सानैदेखि नै सम्पदाप्रति माया थियो, काठमाडौंमा ३६५ दिनमा करिब तीन सय वटा त विभिन्न जात्रापर्वहरू पर्छन्, यहाँ अगणित सम्पदा छन्, तिनको संरक्षण भयो भने मात्रै हाम्रो अस्तित्व रहन सक्छ।' उनको बुझाइमा उपत्यकाको प्रतीक भनेका यहाँका सम्पदा र कलाकौशल हुन्। ती सम्पदाको अस्तित्व रह्यो भने मात्रै नेपालको अस्तित्व रहन सक्छ। यादवलाल बाल्यकालमा जात्रापर्व मनाउने क्रममा बाजागाजा र खट बोकेर ल्याउँदा बुढापाका र बुबाआमाको पछिपछि दौडन्थे। बाल्यकालदेखिकै लगावका कारण आजसम्म पनि उनको रुचिको विषय सम्पदा संरक्षण नै हो।

हाल सम्पदा संरक्षण अभियानमा सक्रिय यादवलालको जीवन भोगाइ फरक छ। उनी नेपाल आर्मीमा ०६१ देखि ०७१ सम्म जागिरे भए। त्यसक्रममा उनी देशका विभिन्न ठाउँमा पुगे। जागिरे छँदा उनले बिदा मागेर सम्पदा क्षेत्रको अवलोकन गर्ने र बुढापाकासँग जानकारीसमेत लिन थाले। 'मलाई जसरी पनि देशको सेवा गर्नैं भन्ने लागेको थियो, सोहीअनुसार सेनाको सिपाहीमा जागिर खाएँ, त्यहाँ जागिर खाएपछि मैले आफूलाई रुचि भएको सम्पदा संरक्षणमा खुलेर काम गर्न सकिनँ, अनि सेनाको जागिर सोचेजस्तो पनि थिएन,' उनी भन्छन्,'त्यसैले मलाई धेरै वर्ष त्यहाँ बस्न मन लागेन, जागिर छाडेपछि म सम्पदा संरक्षण अभियानमा लागेको छु।'



यादवलाल कायस्थ

सेनाको जागिर छाड्दाबित्तिकै उनले ढल्कोमा मौलिक शैलीको रेस्टुरेन्ट खोले। सम्पदाका तस्बिर रेस्टुरेन्टको भित्तामा टाँसेका थिए। जसरी पनि सम्पदा संरक्षण र त्यसको महत्त्व बुझाउनु थियो उनलाई। उनको रेस्टुरेन्टमा आएका ग्राहकहरूले सम्पदाको महत्त्व बुझेर फर्कन्थे। रेस्टुरेन्ट व्यवसाय थाले पनि उनले आफ्नो रुचि भएको सम्पदा संरक्षण अभियानलाई माया मार्न सकेनन्। बरु रेस्टुरेन्ट नचलोस्, तर सम्पदा संरक्षण अभियान रोकिनुहुन्न भन्ने लाग्यो उनलाई। उनले ०७१ सालदेखि नै सामाजिक सञ्जालमा सम्पदा भत्किएको, पुरिएको, हराएको, चोरी भएकोलगायत विषयका जानकारीमूलक सामग्रीहरू पोस्ट गर्न थाले। ०७३ तिरको कुरा हो केही माफिया मिलेर ललितपुरको वटुकभैरव मन्दिरको अस्तित्व संकटमा पार्न थालेका थिए। त्यस मन्दिरको संरक्षण गर्न उनले सरोकारवाला निकाय गुहारे।

यो अभियानमा लागेपछि उनलाई सबैभन्दा बढी चुनौतीपूर्ण लागेको अभियान स्वयम्भूको जन्मद्वार हिटी जोगाउने अभियान हो। यो हिटीलाई यमराज हिटी पनि भनिन्छ। यो हिटी ७० वर्षदेखि पुरिएको थियो। यो हिटी मानिसको मृत्यु संस्कारसँग जोडिएकाले यसलाई अलक्षिण हिटी भन्ने गरिन्छ। कुनै पनि मानिसको अकालमा मृत्यु हुँदै छ वा सिकिस्त बिरामी भएमा वा घाटमा पुऱ्याएपछि त्यो हिटीमा बगेको पानी रोकिने वा सो पानी खुवाएपछि जीवित हुने किंवदन्ती छ। तर, यो हिटीको अस्तित्व नै मेटिएको कायस्थ बताउँछन्। त्यही हिटीको सट्टामा अर्को ठाउँमा हिटी निर्माण गरिएको छ। यो हिटी प्राचीन हो भन्ने प्रमाणित खानी तथा भूगर्भ विभागले गरेको छ। त्यो हिटीलाई खुला रूपमा स्थापित गर्न नसकिएको प्रति पनि कायस्थ चिन्तित छन्। त्यस्तै उनकै अभियानले जोगिएको हिटी दरबारमार्गमा रहेको सोह्रा हिटी हो।

त्यसो त सम्पदा अभियन्ता कायस्थले सम्पदा तथा संस्कृतिबारे औपचारिक अध्ययन गरेका छैनन्। पछिल्लो पुस्तामा सम्पदा र संस्कृतिप्रतिको लगाव बिस्तारै घट्दो छ। सिंगो संग्रहालयका रूपमा रहेको काठमाडौं उपत्यकाका अनगिन्ती सांस्कृतिक धरोहर छन्। नयाँ पुस्ता र यहाँको समाजलाई यहाँका सम्पदा र संस्कृतिबारे जानकारी दिन र संरक्षण गर्न उनी अधिकांश समय सम्पदा संरक्षणमा बिताउने गर्छन्। सम्पदा संरक्षण गर्न कसलाई फोन गर्नुपर्ने हो, कसलाई भेट्नुपर्ने हो वा आन्दोलन नै गर्नुपर्ने हो उनी त्यसमा अग्रपंक्तिमा लाग्छन्। यसअघि गुठी विधेयकविरुद्धको आन्दोलनमा पनि यादवलाल निकै सक्रिय भएर लागेका थिए।

दिनरात सम्पदा संरक्षणमा लागेको यादवलाल पछिल्लो पुस्ता र आफ्नो उमेर समूहका व्यक्तिमा विदेश जाने भूत चढेको देख्दा सम्पदा थप धरापमा पर्ने हुन् कि भनेर चिन्तित छन्। तर, पहिलेभन्दा आजका मानिसहरूमा जागरण आएकाले अब सम्पदा र सभ्यता बचाउन केही सहज हुने उनको बुझाइ छ।

हाल उनी कुनै पनि राजनीतिक दलमा आबद्ध छैनन्। गत वर्ष भएको प्रतिनिधिसभा चुनावका काठमाडौं क्षेत्र नम्बर ७ बाट उम्मेदवार बन्दा उनले दुई हजार आठ सय ७३ मत पाए। उनी सम्पदा संरक्षण गर्न काठमाडौंमा मात्रै खट्दैनन्, नुवाकोटको साततले दरबार क्षेत्र संरक्षणमा भएको बन्देज हटाउन पनि पुगेका थिए। ०७८ को भदौ १८ रातो मच्छिन्द्रनाथ रथ जात्रामा विवाद हुँदा प्रहरीले उनलाई सात दिन हिरासतमा राखेको थियो। कोरोना महामारीको वेला पनि उनी अग्रपंक्तिमा खटिएका थिए। असनमा फुटपाथ हटाउने अभियानमा उनी लागेका थिए भनेपछि काठमाडौं महानगरपालिकाले उनको अभियानलाई साथ दिँदै फुटपाथमुक्त महानगर बनायो।

महानगरको सम्पदा सल्लाहकारमा यादवलाल

चुनावताका उनले महानगरका मेयर बालेन्द्र साहलाई सम्पदाको बारेमा जानकारी र अवलोकन गराएका पनि थिए। उनी नयाँ धरहरालाई सेतो टावर भन्छन्। चुनावताका मेयर साहलाई सेतो तथा झिल्के टावर भनेर उनले बुझाएका थिए। त्यस्तै, चुनावको वेला मेयर साहलाई कुमारी दर्शन पनि उनैले गराएका थिए। यसबाहेक पाटन दरबार क्षेत्रमा पुगी पुरातत्त्व अधिकृतिसँग भेट गरी मूर्ति चोरीसम्बन्धी जानकारी लिएका थिए। अहिले पनि उनी मेयर साहको कोर टिममा रहेर सम्पदा सल्लाहकारको भूमिका निर्वाह गर्दै आइरहेका छन्। उनले महानगरभित्र रहेका सम्पदा संरक्षणबारे महानगर, पुरातत्त्व विभागलगायत निकायलाई घचघच्याउँदै आएका छन्।

यादवलालले चलाएका अभियान धेरै छन्। निजगढ फास्टट्र्याकको अन्तिम विन्दु पर्ने खोकना बुंङमतीमा कृषियोग्य र सांस्कृतिक तथा ऐतिहासिक महत्त्व बोकेको भूमि संरक्षणमा पनि उनले अभियान चलाए। त्यस ठाउँमा जिरो पोइन्ट राख्ने सरकारी योजनाको विरोध गर्न सक्रियताका साथै बुङमतीमा रहेको सम्पदा संरक्षण हुनैपर्छ भनेर आन्दोलनको नेतृत्व पंक्तिमा उभिए। लगनखेलस्थित वटुकभैरव मन्दिरको पर्खाल भत्काई सडक विस्तार गरी मन्दिरलाई संकुचित बनाउन खोजिएको थियो। यसमा उनी एक्लै गएर आन्दोलन गरी पछि साथीभाइ बोलाई मन्दिर परिसर बचाउन सफल भए। ऐतिहासिक कमलपोखरीमाथि निर्माण भएको छाया कम्प्लेक्स/सुन्धारा ओझेलमा पारिएको भन्दै उनले विरोध अभियान सुरु गरे।

गुठी विधेयक रोक्ने आन्दोलन र जागरणमा सशक्त रूपमा सक्रिय अभियन्ता तथा आन्दोलनको संयोजक तोकी आफू सहसंयोजक भएर काम गरे। लगनखेलस्थित बुंग द्यसँग सम्बन्धित नमुनामच्छिन्द्र स्कुललगायतले मासिसकेको सप्तपाताल पोखरीको पुनरुत्थान गर्न महानगरलाई घचघच्याए। हाल सप्तपाताल पोखरी निर्माण भइरहेको छ। रानीपोखरीको परम्परागत रूपमा पुनर्निर्माण गर्न दबाब दिएर क्षति हुनबाट बचाउने अभियानमा पनि उनी सक्रिय थिए। काठमाडौं महानगरपालिका वडा नम्बर १६ स्थित अस्तित्व नै संकटमा परेको सोह्रखुट्टे पाटी २५६ वर्षको इतिहास भएको भोटुपाण्डेहिटी पुनर्निर्माण गर्न घचघच्याए।

लकडाउनको अवधिमा पशुपक्षीलाई खाना खुवाउनुको साथै, सस्तो मूल्यमा तरकारी पसलको व्यवस्थापन गर्न पनि उनी खटिएका थिए। काठमाडौंको प्राचीन सम्पदा क्षेत्रमा अव्यवस्थित फुटपाथ पसल र मन्दिर/सम्पदामा भइरहेको अतिक्रमण रोक्ने अभियानमा यादवलाल डटेर लागिरहे। सोहीकारण, आज काठमाडौं महानगरपालिकाले यस क्षेत्रलाई व्यवस्थित पनि बनाएको छ। हराएको ४४ वर्षपछि पनि नक्साल, शंकरकीर्ति महाविहारस्थित पद्मपाणि लोकेश्वरको ३५७ केजीको मूर्ति यथास्थानमा फर्काउन सरोकारवालालाई ध्यानाकर्षण गराए। यसबाहेक विभिन्न हराएका मूर्तिहरू खोजबिन र संरक्षण गर्नमा उनको सक्रिय भुमिका रहँदै आएको छ। उनकै अभियानका कारण अस्तित्व गुम्ने खतरामा रहेको दरबारमार्गस्थित सात सय वर्ष पहिलेको स्वधाहितीलाई (तीनधारा) पुनर्जीवन दिन संरक्षण अभियान चलाए। यादवलालले काठमाडौं बागबजारस्थित सडक विस्तारको क्रममा विस्थापन परेको १३ वर्षपछि चिभाद्यःको पुनर्स्थापना गर्न सरकारी निकायलाई ध्यानाकर्षण गराए। स्वयम्भू प्रहरी वृत्त परिसरमा विभिन्न समयमा नियन्त्रण लिएका अलपत्र रहेका कैयौं महत्त्वपूर्ण धार्मिक सम्पदा पुरातत्त्व विभागलाई संरक्षण गर्न र प्रमाण दाबीसहित आएमा फिर्ता गराउने सर्तमा हस्तान्तरण गराउन सहजीकरण गरे। काठमाडौं महानगरपालिका वडा नम्बर १५ स्वयम्भू किमडोलमा पुरिएको मेय छ्यौंहिती उत्खनन गरी संरक्षण गर्न सरोकारवाला निकायलाई घचघच्याए। हाल यस हितीको संरक्षण भइसकेको छ।

● शिवहरि घिमिरे

परिस्थिति फेरिएपछि मनस्थिति पनि फेरियो

● नेत्रविक्रम चन्द विप्लव
महासचिव, नेपाल कम्युनिस्ट पार्टी



नवलपरासी शिवगढीको धानखेतमा मल छर्दै विप्लव । फाइल तस्बिर

कम्युनिस्ट आन्दोलनमा सतहबाट निराश र सतहबाटै उत्साहित हुनुहुन्न । गहिराइमा पुगेर त्यसको निष्कर्ष निकाल्नुपर्छ । हामी कम्युनिस्ट आन्दोलनमा सिँढी थप्दै यहाँसम्म आइपुगेका छौं । हामीले शिखरलाई कहिल्यै पनि हेर्न छाड्नु हुँदैन । त्यसको गन्तव्यलाई हामीले कहिले पनि त्यागनु हुँदैन । हामीलाई धेरै अनुभव, धेरै प्रयोग गर्ने मौका मिल्यो । हामी जनता झन् गइराइमा पुग्यौं । आन्दोलनको झन् गहिराइमा पुग्यौं । विचारदेखि जीवनपद्धतिका बारेमा झन् गहिराइमा पुगेर बुझ्ने मौका मिल्यो । त्यसले हामीलाई शिक्षा दिएको छ । कम्युनिस्ट आन्दोलनलाई रक्षा कसरी गर्न सकिन्छ ? कम्युनिस्ट आन्दोलनलाई लोकप्रिय कसरी बनाउन सकिन्छ भन्ने ज्ञानबोध भएको छ । र, कम्युनिस्ट आन्दोलनको लक्ष्यतिर समाज र देशलाई लिएर जान सकिन्छ भन्ने आत्मविश्वास बलियो गरी प्राप्त भएको छ ।

> समाजवाद भनेको केवल केन्द्रीय सत्ता कब्जा गरेपछि मात्रै बन्ने कुरा होइन । हरेक मान्छे समाजवादको अंग हो । समाज र पार्टी पनि त्यसका इकाइ हुन् । त्यसअनुसार आफ्नो जीवनपद्धतिमा आजैदेखि प्रयोग गर्ने क्षमता राख्नुपर्छ ।

यसबीचमा हामीले धेरै आरोहअवरोह पार गर्‍यौं । व्यक्तिविशेषबाट जोड्दा कुनै वेला प्रचण्ड कमरेडसँग लडेको देखिएला । कुनै वेला मोहन वैद्य किरणसँग लडेको देखिएला । कुनै वेला अमुक पात्रसँग लडेको पनि देखिएला । त्यो त प्रतिनिधित्वको कुरा मात्रै हो । लडेको त हामीले विचारसँग हो, दृष्टिकोणसँग हो । हामीले जस्तो कम्युनिस्ट आन्दोलन, समाजवादी व्यवस्था र जीवनपद्धति चाहन्छौं, त्यो अनुरूपको संघर्ष हो । हामीले एकीकृत जनक्रान्ति संश्लेषण गरिसकेपछि समाजलाई धेरै मसिनो गरी पढ्ने मौका मिलेको छ । कम्युनिस्ट आन्दोलन कहाँ संकटमा पर्‍यो ? या असफल भयो ? यसका सम्भावना के छन् भन्ने कुरा देख्न पाइयो । पात्रलाई छाडेर हेर्दौं । हामीले के देख्यौं भने, तत्काल फाइदा लिन्छु भनेर कुदाकुदै हाम्रा आदर्श, मान्यताबाट धेरै पर पुग्ने खालको समस्या संसारभरका कम्युनिस्टमा छ । त्यसले कम्युनिस्ट आन्दोलनलाई कतै न कतै लगेर विसर्जित गर्ने खतरा देखियो । अर्को, जडसूत्रवाद । सय, डेढसय वर्षअघिको कुरामा अडिएकोअडियै, त्यसबाट डेग नचल्दा समाज, गति र विकासलाई देख्न नसकेर पूरै खुम्चिएर विसर्जन भएको पनि हामीले देख्यौं । त्यो दुइटै कुराबाट हुँदैन भन्ने हाम्रो मान्यता हो । त्यो संघर्ष पनि हो, अध्ययन पनि हो । अहिले पनि यो कुरा यथावत् नै छ । ती दुइटा प्रवृत्तिबाट हामी बच्नुपर्छ ।

सबैका आ-आफ्नै तर्क छन् । अहिले त्यसतर्फ धेरै जानु छैन । कम्युनिस्ट आन्दोलनलाई जस्तो आदर्श हो, त्यस्तै बनाउन सकिन्छ । त्यहीअनुसारको पार्टी, त्यहीअनुसारको नेतृत्व तयार पार्न सकिन्छ । कार्यकर्ता र जनता पनि त्यहीअनुसारको बनाउन सकिन्छ । त्यसका लागि नेतृत्वमा ठूलो रुपान्तरण आवश्यक हुन्छ । नेतृत्व नै त्यसमा योग्य हुनुपर्छ । उपयोग गर्दै हिँडेर पनि समाप्त हुन्छ । उपदेश दिने, आफूले केही नगर्ने हुँदा पनि खुम्चिएर गइन्छ ।

नेतृत्व र विचार प्रयोगात्मक हुनुपर्छ । परिणाममुखी हुनुपर्छ । त्यो हराभरा हुनुपर्छ । हामीलाई विश्वास छ, त्यो बनाउन सकिन्छ । हामीले त्यस्तो बनाएका पनि छौं ।

अहिले हाम्रो जति पनि पंक्ति छ, आफ्नो लक्ष्य र उद्देश्मा कुनै समस्या छैन । गौरव र आत्मविश्वासका साथ भन्न सकिन्छ-कम्युनिस्ट आन्दोलनप्रति विश्वस्त र उत्साहित शक्ति हामीसँग छ । सबैभन्दा बढी पूर्णकालीन सदस्य भएको पार्टी पनि हाम्रो हो । राष्ट्रका लागि, जनताका लागि भनेर पूर्णकालीन खट्ने संख्या हामीसँगै छ । हाम्रो आदर्श र मान्यताप्रति दृढ शक्ति हामीसँग छ । जुनसुकै दुःखकष्ट मोल्न तयार हुने शक्ति पनि हामीसँग छ ।

सत्ता कब्जा मात्र समाजवाद होइन

विचार र राजनीतिक निष्कर्षप्रति विश्वस्त पंक्ति हामीलाई चाहिन्छ । आफ्नो उद्देश्य र आदर्शमा समर्पित नेता र कार्यकर्तापंक्तिविना कुनै पनि परिणाममुखी काम गर्न सम्भव छैन । त्यो हामीले व्यवहारबाट अनुभव गरेको कुरा हो । आन्दोलन भनेको नेता पनि हो । कार्यकर्तालेत्यो भेटाउनुपर्छ । त्यो खालको विश्वास दिलाउनुपर्छ ।

हामीले एकीकृत जनक्रान्तिको स्कुल नै खडा गरेका छौं । अरूको अनुकरण गर्नु एकदम सरल कुरा हो । तर, अनुकरणबाट लक्ष्य प्राप्त गर्न सम्भव छैन । अनुकरणले मानिसको जीवन र सामाजिक क्षेत्रमा पनि समृद्धि ल्याउँदैन । माओ र लेनिनको कोटेसन पढ्नु सबैभन्दा सजिलो कुरा हो । त्यही कुरालाई दोहोऱ्याइतेऱ्याइ भट्याइरहनु सबैभन्दा सरल कुरा हो । तर, त्यस्तै परिणाम हाम्रो आफ्नो जीवनमा ल्याउने कुरा निकै जटिल कुरा हो । जुन कुरो, माओ र लेनिनलाई पढेर मात्रै सम्भव छैन ।

हामीले समाज, देश र नागरिकलाई पढ्नुपर्छ । त्यो वातावरण हामीले पार्टीमा बनाएका छौं । त्यसले राजनीतिमा एउटा विश्वास पैदा गरेको छ । समाजवाद भनेको केवल केन्द्रीय सत्ता कब्जा गरेपछि मात्रै बन्ने कुरा होइन । हरेक मान्छे समाजवादको अंग हो । समाज र पार्टी पनि त्यसका इकाइ हुन् । त्यसअनुसार आफ्नो जीवनपद्धतिमा आजैदेखि प्रयोग गर्ने क्षमता राख्नुपर्छ ।

> पार्टीहरूमा यति धेरै आर्थिक विचलन किन देखापऱ्यो ? नेता र कार्यकर्ता यति धेरै भ्रष्टाचार र तस्करीमा किन लाग्छन् ? त्यसको मुख्य कारण भनेको आर्थिक दृष्टिकोण नभएरै हो । पैसा कसरी बन्छ ? पुँजी कसरी उत्पादन हुन्छ ? मालवस्तु कसरी उत्पादन हुन्छ ? त्यसले जनताको जीवनलाई कसरी सुखमय बनाउँछ भन्ने कुराको ज्ञान नै कम्युनिस्ट आन्दोलनमा एकदम कमजोर भयो ।

नेपालमा राजनीतिक संकट किन आयो भने उपभोग र परनिर्भरता बढी भयो । आर्थिक विषयमा हामीले गम्भीर भएर योजना बनाएनौं । समाजमा यति धेरै भ्रष्टाचारको समस्या आउनु भनेको एउटा कारण यो पनि हो । पार्टीहरूमा यति धेरै आर्थिक विचलन किन देखापऱ्यो ? नेता र कार्यकर्ता यति धेरै भ्रष्टाचार र तस्करीमा किन लाग्छन् ? त्यसको मुख्य कारण भनेको आर्थिक दृष्टिकोण नभएरै हो । पैसा कसरी बन्छ ? पुँजी कसरी उत्पादन हुन्छ ? मालवस्तु कसरी उत्पादन हुन्छ ? त्यसले जनताको जीवनलाई कसरी सुखमय बनाउँछ भन्ने कुराको ज्ञान नै कम्युनिस्ट आन्दोलनमा एकदम कमजोर भयो । खाली भाषणमा मात्रै समय गयो । सबै पैसा कमाउने जिम्मा पुँजीवादीलाई जस्तो, सबै काम गर्ने जिम्मा अरूलाई दिएर आफूचाहिँ सुखभोग मात्रै गर्न खोज्ने प्रवृत्ति विकसित हुँदा समस्या आयो । उत्पादनविनाको सुखभोग भ्रष्टाचार हो, शोषण हो । जुन नेता उत्पादन कार्यमा सहभागी नभएर ठूलो सुखभोगको चाहना राख्छ, त्यो एकप्रकारले पार्टीमाथि र समाजमाथि पनि शोषण हो । कार्यकर्ता र जनताका लागि त्यस्तो काम अन्ततः स्वीकार्य हुँदैन ।

उत्पादनसँग सम्बन्ध

नेतृत्वले राजनीतिक कार्य मात्रै गर्ने भन्ने चलन गलत छ । राजनीतिक कार्य जीवन रुपान्तरण कार्यसँग जोडिन जरुरी छ । जुन आर्थिक कार्य हो । पुँजी उत्पादन नगरेसम्म आन्दोलनमा गति पैदा हुँदैन । जीवनमा हराभरापन आउँदैन भन्ने कुरा हामीले व्यवहारतः बुझ्ने मौका पायौं ।

सबैभन्दा पहिला आत्मनिर्भर पार्टी, आत्मनिर्भर नेता र कार्यकर्ता हुनुपर्छ । त्यसपछि विस्तारै आत्मनिर्भर जनता र आत्मनिर्भर देश बनाउन सकिन्छ । यसतर्फ हामी लाग्नैपर्छ । त्यो आधार हामीसँग छ । त्यो गर्नुपर्छ भन्ने विश्वास हाम्रो पार्टीमा पैदा भएको छ । र, परिणाम पनि आउन थालेको छ ।

अहिले त हामी कृषिमा मात्रै बढी फोकस भएका छौं । कृषिमा अहिले हामीलाई कुनै समस्या छैन । हामीले उपयोग गर्नेभन्दा बढी उत्पादन भएको छ । यसलाई हामीले बिस्तारै उद्योग र व्यापारमा पनि प्रवेश गराउने सोचमा छौं । हामीसँग यस्तो आत्मविश्वास छ, हामी आफैं त गर्छौं, गर्छौं । अरूलाई पनि यो मार्गमा ल्याउन खोजिरहेका छौं ।

म केही समयअघि जाजरकोट भ्रमणमा गएँ । हामीले भूकम्पपीडित जनताको सयभन्दा बढी घर बनायौं । फोटो खिचेर हाल्ने खालले होइन, जनताले ढुक्कले बस्न सक्ने गरी घर बनाइदियौं । भूकम्प प्रभावित क्षेत्रमा जाँदा जनता आफैंले हामीले पठाएको चामलको कुरा उठाए । त्यसले उत्पादनमा लाग्न हामीलाई झन् उत्साहित बनाएको छ । खान, लाउन र शिक्षाका लागि देश छाडेर जानुपर्ने अवस्था छैन भन्ने हाम्रो अभ्यासले देखाएको छ । हामीसँग प्रशस्त आधार छन् । तर, राज्यले स्पष्ट नीति लिन सकेन । त्यही कारण यति धेरै स्रोतसाधन भएको देशमा हामी 'मगन्ते'जस्तो भएर मरुभूमिमा भौंतारिनुपर्ने अवस्था छ । यस्तो अवस्था आएको राज्यकै कारण हो । नेतृत्वकै कारणले हो । यो नेता र व्यवस्थाको असफलता हो । उनीहरूले जनतालाई प्रेरित गर्ने सकेका छैनन् । सबै नेताका छोराछोरी विदेश, सबै उद्योगी, व्यवसायीका छोराछोरी विदेश, जर्साबको घर पनि विदेश, छोराछोरी पनि विदेश, सबै फर्स्ट क्लास अफिसरको विदेशमा घर, छोराछोरी उतै, भाषा पनि विदेशी । अनि कसरी बन्छ देश ? देश कसले बनाउने ? त्यसकारण हामी सक्छौं, नेपाललाई बनाउन सकिन्छ भन्ने आत्मविश्वास हामीसँग छ ।

यदि, सरकारले सहयोग गऱ्यो भने जुम्लामा १० हजार स्याउको बिरुवा लगाउने हाम्रो योजना छ । केही बिरुवा हामी पार्टीकै स्रोतबाट लगाउँदै छौं । नियम, कानुन भन्दै राज्य पन्छिएन भने १० हजार बिरुवा लगाउने सोच हाम्रो छ । गर्न सकिन्छ । हामीले यो वर्ष मात्रै दुई-तीन हजार कागती र सुन्तलाको बिरुवा रोपेका छौं ।

हाम्रो उत्पादनमा एकीकृत स्वामित्व हुन्छ । निजी र सामूहिकको मिश्रण हुन्छ । जनता र कार्यकर्ताले मात्रै गर्ने सामूहिकताको अर्थ छैन । नेतृत्व सामूहिक हुनुपर्छ । नेताहरूले सुखभोग गरेर आलिसान जीवन बिताउने अनि कार्यकर्तालाई सामूहिक काम गर भन्नुको औचित्य नै छैन । पैसा कमाउने वेला निजी भन्ने अनि दुःख गर्ने वेला सामूहिक भन्ने हो भने त्यस्तो सामूहिकको अर्थ रहँदैन । त्यो असफल भइसक्यो । निजी त संकटमै छ । निजीबाट मात्रै हुँदैन । अमूर्त सामूहिक पनि काम लाग्दैन । त्यसकारण हामीले एकीकृत स्वामित्व बनेका छौं । काम गर्नेले मुनाफा पाउनुपर्छ । र, उत्पादनबाट समाजले पनि लाभ पाउनुपर्छ । संस्थाले पनि लाभ पाउनुपर्छ । जस्तो कि, हाम्रो सहकारीमा काम गर्ने हरेक युवाले मुनाफाको निश्चित प्रतिशत पाउँछ । संस्थाले पनि पाउँछ र पार्टीले पनि पाउँछ । व्यक्ति, संस्था र पार्टीले दुःख पनि गर्छ, प्रतिफल पनि पाउँछ । हामीले प्रतिफल १०० लाई ४० र ६० प्रतिशत बनाएका छौं । अनि, ४० लाई पनि १०० बनाएर फेरि ७० र ३० बनाएका छौं । त्यसमध्ये एउटा प्रतिशत उत्पादन गर्ने साथीले पाउनुहुन्छ । अहिले पार्टीले नै व्यवस्थापन गरेको हुनाले ६० प्रतिशत पाउँछ । ४० प्रतिशत संस्था र उत्पादकले पाउँछ ।


फेरिएको परिस्थिति

परिस्थिति फेरियो, मनस्थिति पनि फेरियो । मनस्थिति भनेको हिजो पाइएन, त्यसकारण गरौं भन्नेबाट होइन । नेपाल एकदम नयाँ ठाउँमा पुगेको छ । हामीले हेक्का नराख्ने हो भने हाम्रो देशको भविष्य खतरामा परेको छ । जनताको भविष्य खतरामा परेको छ । अर्को मनस्थिति भनेको के हो भने, केवल आलोचना मात्रै होइन । नेतृत्व गर्न पनि सबैले सबैलाई तयार गर्नुपर्छ । हामी आफैं पनि तयार हुनुपर्छ । त्यो मनस्थिति पनि हामीले बदलेका छौं ।

म अहिले परिकल्पना गर्छु, माओवादीको जस्तो स्रोतसाधन र अहिले हामीले गरेजस्तो उत्पादन मिलाउन पाएको भए देशलाई त अर्कै बनाइसक्थ्यौं । १० वर्षमा त साँच्चै अर्को बनाइन्थ्यो भन्ने एउटा आत्मविश्वास छ । फेरि उत्साह थपिएको महसुस भएको छ । सहकारीमा काम गर्ने, कम्युनमा काम गर्ने साथीहरूसँग केही समयअघि राप्ती क्षेत्रमा भेट भएको थियो । पहिला जनयुद्धमा हामीले गरेको प्रयोग ठीक थिएन कि के हो भन्ने थियो । असफल भइयो भन्ने मनस्थिति थियो । अहिले हामीले सफल प्रयोग गरिसकेपछि त्यहाँ पार्टीले नै मिस गरेको थियो भन्ने ढंगबाट मानिसहरू प्रेरित भएका छन् । कम्युनका घरहरू फेरि सरसफाइ हुन थालेका छन् । हामी बनाउँछौं भन्ने वातावरण बन्दै छ । सहकारीमा आउन साथीहरू उत्साहित हुनुहुन्छ । रुपान्तरित हुने मनस्थिति पनि हाम्रो बदलिएको छ । हामीले किन नगर्ने ? प्रचण्ड कमरेडहरूमा पनि केही न केही ज्ञानको जरुर विकास भएको छ । त्यसलाई पनि हामीले किन नपढ्ने ? किन अध्ययन नगर्ने ? संसदीय केन्द्रमा बसेर घट्दा वा बढ्दा के कस्तो अनुभव छ ? एमाले र एकीकृत समाजवादीसँग पनि किन बहस नगर्ने ? हामीसँग पनि अनुभव, शिक्षा छन् । यी विषयलाई जोड्ने वेला आएको छ । कुनै पनि मान्छे पूर्ण हुँदैन भनेजस्तै पार्टी पनि पूर्ण हुँदैन । केही सबल हुन्छन्, केही दुर्बल हुन्छन् । नराम्रो पक्षलाई रुपान्तरण र राम्रोलाई थप गर्दै जानुपर्छ । त्यो समय अहिले आएको छ । बहस गर्न हामी योग्य छौं । हामी गर्छौं भन्ने आत्मविश्वास अझै बढेर आएको छ ।

प्रस्तुति : **प्रेम गौतम**

पर्यावरण



एम्मा राम्से

एक अर्ब मानिस जलवायु परिवर्तनको पहिलो मारमा



> प्रायः एसिया र अफ्रिकाका अनौपचारिक बस्ती 'स्लम' क्षेत्रका मानिस जलवायु परिवर्तनको पहिलो मारमा पर्छन् । जलवायु निरक्षणमा देखिएको कमजोरीका कारण मानिस बढ्दो आर्द्रतायुक्त गर्मीको जोखिममा परेका छन् ।

अभिलेखअनुसार सन् २०२३ सबैभन्दा तातो वर्ष बन्यो । त्यसैगरी, गर्मीसँगै आर्द्रता पनि बढिरहेको छ । गर्मी र आर्द्रताको मिश्रण निकै घातक हुन्छ । यसले हाम्रो जीवन र जीविकाको सबै पाटोलाई गम्भीर रूपमा असर गर्छ । जलवायु परिवर्तनले आर्द्रतायुक्त गर्मीलाई उच्चस्तरमा पुऱ्याइरहेको छ जसले मानिसलाई बाँच्न नै अप्ठ्यारो अवस्थामा पुऱ्याएको छ ।

हाम्रो एक नयाँ अनुसन्धानका अनुसार मौसम स्टेसनको कमजोर प्रभाव क्षेत्रका कारण सहरमा हुने गर्मीको तथ्यांक वास्तविकभन्दा कम देखिने गर्छ । यसको अर्थ हो वैश्विक जलवायु परिवर्तनका विविध मूल्यांकनले मानिसहरूमाथ हुने स्थानीय असरलाई अनदेखा गर्छ । प्रायः एसिया र अफ्रिकाका अनौपचारिक बस्ती 'स्लम' क्षेत्रका मानिस जलवायु परिवर्तनको पहिलो मारमा पर्छन् । जलवायु निरीक्षणमा देखिएको कमजोरीका कारण मानिस बढ्दो अर्द्रतायुक्त गर्मीको जोखिममा परेका छन् । अनुकूलनका सीमित विकल्प भएको अवस्थामा उष्णक्षेत्रका प्रचण्ड गर्मी भएका ठाउँमा करोडौं मानिस अन्यत्र शरण लिन बाध्य हुनेछन् ।

अनौपचारिक बस्तीमा

नियोजित एवं औपचारिक विकासलाई माथ दिइरहेको अत्यधिक सहरीकरणले अनौपचारिक बस्ती बढाइरहेको छ । यी बस्तीका मानिससँग प्रायः विद्युत्, खानेपानीलगायतका पूर्वाधार एवं सेवा हुँदैन र सहरका मानिसले यिनलाई उपेक्षा गरिरहन्छन् । विश्वभर एक अर्बभन्दा बढी मानिस अनौपचारिक बस्तीमा बसोवास गर्छन् । राष्ट्रसंघका अनुसार यो संख्या अबको ३० वर्षमा तीन अर्बभन्दा बढी पुग्नेछ । केन्या, बंगलादेशजस्ता मुलुकमा करिब आधा सहरी जनसंख्या अनौपचारिक बस्तीमा बसोवास गर्छन् ।

अधिकांश अनौपचारिक बस्ती उष्ण क्षेत्रमा पर्छन् । यी क्षेत्रमा वर्षैभरि गर्मी र आर्द्रता महसुस गर्न सकिन्छ, तर यी क्षेत्रमा बसोवास गर्ने मानिससँग गर्मीको तापलाई अनुकूलन गर्ने सीमित विकल्प छन् । यी बस्तीका अधिकांश घरधुरीको आम्दानी न्यून हुने गर्छ । अधिकांश बासिन्दाले जीविका चलाउन घरबाहिर काम गर्नुपर्ने बाध्यता छ । नतिजा यी मानिस गर्मी र आर्द्रताको चपेटामा पर्छन् । त्यसमाथि यी बस्ती अनौपचारिक भएकाले यी बस्ती औपचारिक प्रणाली र नियमनभन्दा बाहिर हुन्छन् । नतिजा हामी अनौपचारिक बस्तीका बासिन्दाले व्यहोरिरहेको खतराका तथ्यांकका बारेमा हामी अनभिज्ञ हुन्छौं ।

जलवायु आँकडा

विश्वका अधिकांश मानिस मौसम स्टेसनभन्दा २५ किलोमिटर टाढा बसोवास गर्छन् । यसकारण मौसम स्टेसनले सहरका पूर्ण तापक्रम र आर्द्रताको मापन गर्न सक्दैनन् । वास्तवमा सहरी क्षेत्रमा गैरसहरी क्षेत्रभन्दा बढी गर्मी हुने गर्छ जसलाई सहरी गर्मी टापु भनेर पनि चिनिन्छ । तापक्रम र आर्द्रताको मापनमा हुने भिन्नता उष्ण क्षेत्रमा बढी देखिएको छ र उष्ण क्षेत्रमा अधिकांश अनौपचारिक बस्ती बसेका छन् । जब गर्मी हामीले स्थानीयस्तरमा व्यहोर्छौं त्यस्तो गर्मीलाई टाढाटाढा फैलिएका मौसम स्टेसन वा मौसम प्रणालीले ठम्याउँदैन । यसैकारण, घर निकै तातो हुँदा मौसमी प्रतिवेदन तापमान कम छ भन्दा हामीलाई राहत हुँदैन ।

हाम्रो अनुसन्धानले अनौपचारिक बस्ती भएका सात उष्णक्षेत्रीय मुलुकका जलवायु निगरानी तथ्यांक केलाएको थियो । हामीले यी तथ्यांकलाई नजिकैको मौसम स्टेसनको तापमान एवं आर्द्रता मापनसँग तुलना गरेका थियौं । हामीले मानिसले आफ्ना घरमा र समुदायमा व्यहोरेको तापमानको तनाव वास्तविकताभन्दा कम पाएका थियौं । यसको अर्थ हो वैश्विक जलवायु मूल्यांकन र प्रक्षेपणले पनि स्थानीय प्रभावलाई अवमूल्यन गर्न सक्छ । उसो त यी तथ्यांक तुलनात्मक रूपमा सानोस्तरको अध्ययनबाट आएको हो, तर तथ्यांकले जलवायु अनुकूलनमा ठूलो व्यवधान सिर्जना गर्छ भन्ने देखाउँछ ।

गर्मी लहरको सूचना

अस्ट्रेलियामा गर्मी लहर आउँदा हामीलाई घरभित्रै बस्न र पर्याप्त पानी पिउन सल्लाह दिइन्छ । अनौपचारिक बस्तीमा बस्ने बासिन्दालाई यो सुझावले विपरीत प्रभाव पार्न सक्छ अर्थात् स्वास्थ्य समस्याका जोखिम बढ्न सक्छ । कमजोर भेन्टिलेसन र भित्ता भएका अनौपचारिक घरमा घरभित्रै बस्नु थप जोखिमयुक्त हुन सक्छ । धेरै कम घरमा मात्रै वातानुकूलको व्यवस्था हुन्छ र हुनेले पनि वातानुकुलित व्यवस्था सञ्चालन गर्ने हैसियत राख्दैनन् । अनौपचारिक बस्तीका मानिससँग सफा पिउने पानीको पहुँच नहुन सक्छ जसले गर्मीको तनावमा स्वास्थ्य जोखिम थप्न सक्छ । त्यसमाथि गर्मी लहरको चेतावनी वा लहरबाट जोगिन दिइने सुझाव नै अनौपचारिक बस्तीसम्म पुग्न पाउँदैनन् ।

विश्व मौसम विज्ञान संगठनको सन् २०२३ को एक प्रतिवेदनअनुसार विश्वका आधा मुलुकसँग मात्रै गर्मी लहरका लागि पूर्वनिर्धारित चेतावनी प्रणाली छ । यी प्रणाली सञ्चालनमा तब आउँछन् जब भविष्यवाणी गरिएको तापमानले आफ्नो माथिल्लोस्तर नाघ्छ । आमजनतालाई दिइने चेतावनी र स्वास्थ्य सुझावलाई थप सार्वजनिक स्वास्थ्य उपायसँग जोडेर अगाडि बढाउन सकिन्छ । क्षेत्रीय जलवायु केन्द्रले हाल व्यापकस्तरमा चेतावनी जारी गर्छन्, तर पूर्वानुमान र प्रतिक्रिया प्रभावकारी हुन सानास्तरमा जलवायु केन्द्र सञ्चालन गर्न आवश्यक छ । र, हाम्रो अध्ययनले देखाएझैं क्षेत्रीय जलवायु केन्द्र मौसम स्टेसन तथ्यांकमा आधारित हुन्छन् जसले अनौपचारिक बस्तीको वास्तविक गर्मीलाई कम देखाउँछ । यसको मतलव यी बस्तीका बासिन्दाले खतरनाक गर्मी तनावको अनुभव गरे तापनि प्रारम्भिक चेतावनी प्रणाली असफल हुन सक्छन् ।

जनतालाई जोगाउन के गर्ने ?

हालको जलवायु अनुगमन प्रयासले करोडौं कमजोर तप्काका मानिसलाई गर्मी लहरको जोखिममा छोडिदिएको छ । यसले प्रत्यक्ष रूपमा व्यक्तिको सुस्वास्थ्यलाई असर गर्छ जसले समाज र राष्ट्रिय अर्थतन्त्रमा व्यापक असर गर्छ ।

विकासोन्मुख मुलुकमा मौसम विज्ञान संस्थानको जलवायु अनुगमनलाई बलियो बनाउन र प्रारम्भिक-चेतावनी प्रणालीमा सुधार गर्न तत्काल सहयोगको आवश्यकता छ । विश्व मौसम विज्ञान संगठनका नयाँ प्रमुखले सहयोग गर्ने वाचा गरेका छन् । वाचा गरेको अवसरमा सरकार र विकास बैंक एवं गैरसरकारी संस्थाले नयाँ मौसम अनुगमन प्रणालीमा अनौपचारिक वस्तीलाई समेटने प्रयास गर्नुपर्छ ।

स्रोत र अनुकूलन क्षमतामा रहेको असमानतालाई पनि हटाउनुपर्छ । सहरी हरियाली र सुलभ आवासजस्ता स्थानीय परियोजनालाई समर्थन गर्दा सहरी गर्मी कम हुन सक्छ । अनुकूलन प्रयासमा यी समाधानलाई उच्च प्राथमिकतामा राख्नुपर्छ ।

अनुकूलनको विकल्प स्थानान्तरण हो । जलवायु आधारित आप्रवासन हुन थालिसकेको छ, अर्थात् बढ्दो समुद्री तह र गर्मीका कारण अस्ट्रेलियामा समेत आप्रवासन देखिएको छ । मानिस स्वेच्छाले आफ्नो घर छोड्दैन र वैध कारणविना आफ्नो जीवनमा अवरोध ल्याउँदैनन् । तसर्थ, जलवायु परिवर्तनसँग अनुकूलन गर्न मद्दत गर्ने समाधानलाई प्राथमिकता दिनु आवश्यक छ ।

(राम्से मोनास विश्वविद्यालयकी पोस्टडक अनुसन्धाता हुन् । 'द कन्भर्सेसन'बाट दिनेश पन्तको अनुवाद ।)

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २७ माघ ०८०

परम्परागत बजेट प्रणाली देश रूपान्तरणको बाधक : प्रधानमन्त्री



नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले परम्परागत बजेट प्रणाली देशको रूपान्तरणमा बाधक भएको बताएका छन् । मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा शुक्रबार आयोजित विकास तथा योजनासँग सम्बन्धित विज्ञहरूसँगको छलफलमा प्रधानमन्त्री प्रचण्डले त्यस्तो बताएका हुन् ।

बजेट प्रणाली परम्परागत भएकै कारण सरकारले त्यसलाई आमूल परिवर्तन गर्ने दिशामा काम गरिरहेको प्रधानमन्त्रीले जानकारी गराए । हरेक वर्ष पुरानै वर्षको फोटोकपीका रूपमा नयाँ बजेट आउने परिपाटी रहेको बताउँदै प्रधानमन्त्री प्रचण्डले यसपटक सार्वजनिक बहसको केन्द्रीकृत स्वरूपका रूपमा बजेट निर्माण गर्ने प्रक्रिया थालनी गरेको पनि जानकारी दिए । सरकारको नीति तथा कार्यक्रम र बजेट निर्माणका लागि सबै क्षेत्रसँग बहस, छलफल गर्ने र सुझावलाई केन्द्रीकृत गरेर प्राथमिकताका आधारमा बजेट निर्माण गर्नेमा उनको भनाइ थियो । नीति, कार्यक्रम र बजेटको नीति, ढाँचा र समयतालिकामा परिमार्जन गर्ने प्रक्रियाअन्तर्गत नै छलफल आयोजना गरिएको उनले बताए ।

'सबैको विवेकलाई केन्द्रित गरेर मात्र हामी ठीक ठाउँमा पुग्न सक्छौं । हामीले सबै क्षेत्रमा आमूल सुधारतर्फ सोच्नैपर्छ,' प्रधानमन्त्रीले भने, 'यसपटक नीति, कार्यक्रम र बजेटमा राष्ट्रिय बहसको परिस्थिति सिर्जना गरेर सबैका सुझाव संकेन्द्रित गर्छौं । नीति तथा कार्यक्रम पहिला जनता, बुद्धिजीवी र जनप्रतिनिधिमा पठाइन्छ । त्यसलाई अन्तिम रूप दिएपछि मात्र सम्माननीय राष्ट्रपतिले संसद्मा पढ्नुहुन्छ ।'

कार्यक्रममा योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठले उत्पादन र रोजगारी बढायो भने अर्थतन्त्रका धेरै समस्या सम्बोधन हुने भएकाले यो विषयलाई केन्द्रमा राखेर सोह्रौं योजनाको मस्यौदा तयार भइरहेको बताए ।

कार्यक्रममा विज्ञहरूले योजना छनोट प्रक्रिया हचुवा र पहुँचमुखी हुने कुरा रोक्नुपर्ने, अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्ने योजना निर्माण गर्नुपर्ने, व्यापार, वित्त र विनिमयको उदारीकरणको चपेटामा पर्दै गएको विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने र उत्पादनका साधनमा बहुसंख्यक जनताको पहुँच कसरी पुऱ्याउनेतर्फ सोच्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रमहरूको पुनर्विचारबारे योजना आयोग र विश्व बैंकबीच छलफल

काठमाडौं/ राष्ट्रिय योजना आयोग र विश्व बैंकबीच कन्ट्री पार्टनरसिप फ्रेमवर्कका विषयमा छलफल भएको छ । विश्व बैंकले नेपालका लागि बनाइरहेको आगामी पाँचवर्षे कन्ट्री पार्टनरसिप फ्रेमवर्कका विषयमा शुक्रबार आयोगको कार्यालयमा छलफल भएको हो ।

कार्यक्रम डिजाइन गर्नुपर्छ,' उपाध्यक्ष डा. श्रेष्ठले भने, 'यसका लागि विश्व बैंकको सहयोग अपेक्षा गरिएको छ ।'

विश्व बैंककी नेपाल, माल्दिभ्स र श्रीलंका हेर्ने सञ्चालक व्यवस्थापक लाडा स्ट्रेलकोवासले आयोगले बनाइरहेको नेपालको १६औं योजना र विश्व बैंकको कन्ट्री पार्टनरसिप

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit
ग्लोबल रेमिट

छलफलमा आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले विश्व बैंकलगायतका विकास साझेदारहरूका कतिपय कार्यक्रमका विषयमा पुनर्विचार गर्नुपर्ने बताएका छन् । विकासलाई नयाँ दिशामा लैजानका लागि उपाध्यक्ष श्रेष्ठले सबै पुराना कार्यक्रमलाई निरन्तरता दिन नहुने बताएका हुन् । 'पुराना कतिपय सफल नभएका कार्यक्रमलाई बन्द वा रि-स्ट्रक्चर गर्नुपर्छ, उत्पादन र रोजगारी वृद्धिका लागि नयाँ फ्रेमवर्कबीच तादात्म्य मिलाउनुपर्ने बताइन् । छलफलमा आयोगका तर्फबाट उपाध्यक्ष श्रेष्ठसँगै सहसचिव महेश भट्टराईलगायतका अधिकारी सहभागी थिए । त्यस्तै, विश्व बैंककी नेपाल, माल्दिभ्स र श्रीलंका हेर्ने सञ्चालक व्यवस्थापक लाडा स्ट्रेलकोवास, विश्व बैंक समूह आइएफसीका वरिष्ठ अर्थविद् महिमा खान्ना, विश्व बैंककै दिगो विकास हेर्ने सेक्टर लिडर स्टेभ डान्योलगायतको सहभागिता थियो ।

नेपाल र अस्ट्रेलियाबीच व्यापार तथा लगानी सम्झौता



काठमाडौं/ नेपाल र अस्ट्रेलियाबीच द्विपक्षीय व्यापार तथा लगानी सम्झौता (टिफा)मा हस्ताक्षर भएको छ । शुक्रबार परराष्ट्रमन्त्री एनपी साउद र उनका अस्ट्रेलियाली समकक्षी पेनी वङको उपस्थितिमा द्विपक्षीय व्यापार तथा लगानी सम्झौतामा हस्ताक्षर भएको हो ।

अस्ट्रेलियाको पर्थ सहरमा २६-२७ माघमा भइरहेको सातौं प्रशान्त महासागर सम्मेलनको साइडलाइनमा यो सम्झौता भएको हो । परराष्ट्र मन्त्रालयका अनुसार अस्ट्रेलियाका लागि नेपाली राजदूत कैलाशराज पोखरेल र अस्ट्रेलियाका सहायक परराष्ट्रमन्त्री टिमवाट्सले सम्झौतामा हस्ताक्षर गरेका हुन् । सम्झौताले दुई देशबीचको आर्थिक सम्बन्धलाई थप गहिरो बनाउने र व्यापारलाई थप विस्तार हुने दुवै पक्षको अपेक्षा छ ।

अस्ट्रेलियाली सहायक परराष्ट्रमन्त्री वाट्सले दुई देशको सम्बन्ध जनस्तरसम्म पुगेको बताए । वाट्सले ट्विटरमा लेखेका छन्, 'नेपाल र अस्ट्रेलिया निकटका मित्र हुन् । हाम्रो सम्बन्ध जनस्तरसम्म गाँसिएको छ ।' वाट्स गत वर्ष नेपाल भ्रमणमा आएका थिए ।

अस्ट्रेलिया नेपालको छैटौं ठूलो वैदेशिक लगानी गर्ने देश हो भने नेपाली विद्यार्थीमाझ अस्ट्रेलिया उच्च तथा प्राविधिक शिक्षाका लागि रुचाइएको अन्तर्राष्ट्रिय गन्तव्य मुलुक हो ।

नेपालस्थित अस्ट्रेलियाली राजदूतावासका अनुसार नेपालको पर्यटन क्षेत्रको पुनरुत्थानमा अस्ट्रेलियाले सहयोग गरिरहेको छ । गत वर्ष झन्डै ३९ हजार अस्ट्रेलियाली पर्यटकले नेपाल भ्रमण गरेका थिए । सन् २०२२-२३ मा नेपालबाट अस्ट्रेलियामा हुने सेवा निर्यात १६ करोड अस्ट्रेलियाली डलर पुगेको छ ।


सापकोटा कल्याण समाजको सूचना

यस समाजद्वारा प्रत्येक २/२ बर्षमा काठमाडौंको जगडोल स्थित कुलदेवी मन्दिरमा गर्ने गरिएको कुलपुजा यस वर्ष २०८०/११/०२ गते बुधबार श्रीपञ्चमीको दिन बिहान ८:०० बजेदेखि गरिने भएकोले सो पूजामा सहभागी भई प्रसाद ग्रहण गरिदिनुहुन सम्पूर्ण बन्धुहरूलाई हार्दिक आमन्त्रण गर्दछौं ।

सापकोटा कल्याण समाज
केन्द्रीय कार्यालय, जगडोल
सम्पर्क : ९८५१०५४२८२ (अध्यक्ष)

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।।

हार्दिक श्रद्धाञ्जली



जन्म :
वि.सं. २०१४/५/१४

स्वर्गारोहण:
वि.सं. २०८०/१०/१५

स्व. रमानाथ (बलराम) खनाल

हाम्रा प्रातः स्मरणीय रमानाथ (बलराम) खनालज्यूको स्वर्गारोहण भएको तेह्रौं दिनको पुण्यतिथि मा उहाँको आत्माको चिरशान्तिका लागि दयालु परमेश्वरसँग प्रार्थना गर्दै शिवसायुज्य प्राप्तिको कामनासाथ हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै, शोकको यस असीम घडीमा हामीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विभिन्न माध्यमबाट साथ, सहयोग र समवेदना दिनुहुने सम्पूर्ण श्रद्धेय महानुभावहरूमा हार्दिक आभार प्रकट गर्दछौं ।

पत्नी : श्रीमती सीतादेवी खनाल

छोरा/बुहारीहरू :	बहिनी/ज्वाईंहरू :	भतिजी/ज्वाईंहरू :
रामशरण/सुविधा	सावित्री/कृष्णप्रसाद	लक्ष्मी/सन्तोष
शङ्कर/मेनुका	यशोदा/कृष्णप्रसाद	अञ्जली/सविन
सन्तोष/सुजाता	गङ्गा/शिव	भतिजी : यूथिका
दाजु/भाउजू :	अम्बिका/ध्रुव	नातिनीहरू :
दिननाथ/विमला	भतिजा/बुहारी :	अपर्णा/मेमिन्सा
भाइ/बुहारी :	प्रद्युम्न/रसिला	नातिहरू :
हरिशरण/शारदादेवी		सुयोग/आर्जन/संयोग

Upakar Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
Head Office Kohalpur-11 Banke

Unaudited Financial ResultS (Quaterly)

As at 2nd Quarter (2080/09/29) of the Fiscal Year 2080/081 *(Rs. in '000)*

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital & Liabilities (1.1 to 1.7)**	**2290780.00**	**2256723.00**	**2343953.00**
1.1	**Paid-up Capital**	106148.00	106148.00	65625.00
1.2	Reserves and Surplus	128778.00	100036.00	155308.00
1.3	Debenture and Bond			
1.4	Borrowings	561746.00	648235.00	812251.00
1.5	Deposits (a+b)	1127685.00	1096723.00	1102145.00
	a. Domestic Currency	1127685.00	1096723.00	1102145.00
	b. Foreign Currency			
1.6	Income Tax Liabilities		10123.00	23603.00
1.7	Other Liabilities	366423.00	295458.00	185021.00
2	**Total Assets (2.1 to 2.7)**	**2290780.00**	**2256723.00**	**2343953.00**
2.1	Cash & Bank Balance	96586.00	206439.00	152572.00
2.2	Money at call and short Notice			
2.3	Investments			
2.4	Loans & Advances (a+b+c+d+e+f)	2045418.00	1996041.00	2121587.00
0	a. Real Estate Loan			
0	1. Residential Real Estate Loan (Except Personal Home Loan up to Rs. 10 million)			
0	2. Business Complex & Residential Apartment Construction Loan			
0	3. Income generating Commercial Complex Loan			
0	4. Other Real Estate Loan (Including Land Purchase & Plotting)			
0	b. Personal Home Loan of Rs. 10 million or less			
0	c. Margin Type Loan			
0	d. Term Loan	2045418.00	1996041.00	2121587.00
0	e. Overdraft Loan / TR Loan / WC Loan			
0	f. Others			
2.5	Fixed Assets	9925.00	9916.00	11887.00
2.6	Non-Banking Assets			
2.7	Other Assets	138851.00	44327.00	57907.00
3	**Profit and Loss Account**			
3.1	Interest income	131198.00	58539.00	158325.00
3.2	Interest Expense	81647.00	40956.00	95423.00
A	**Net Interest Income (3.1-3.2)**	**49551.00**	**17583.00**	**62902.00**
3.3	Fees Commission and Discount	993.00	426.00	428.00
3.4	Other Operating Income	5720.00	2604.00	17907.00
3.5	Foreign Exchange Gain/Loss (Net)			
B	**Total Operating Income (A+3.3+3.4+3.5)**	**56264.00**	**20613.00**	**81237.00**
3.6	Staff Expenses	53613.00	27653.00	47136.00
3.7	Other Operating Expenses	7802.00	3953.00	8428.00
C	**Operating profit Before Provision (B-3.6-3.7)**	**-5151.00**	**-10993.00**	**25673.00**
3.8	Provision for Possible Loss	13887.00	25798.00	45648.00
D	**Operating profit (C-3.8)**	**-19038.00**	**-36791.00**	**-19975.00**
3.9	Non-Operating Income/Expenses (Net)			-9.00
3.10	Write Back of Provision for Possible Loss	1509.00	3040.00	3882.00
E	**Profit From Regular Activities (D+3.9+3.10)**	**-17529.00**	**-33751.00**	**-16102.00**
3.11	Extraordinary Income/Expenses (Net)			
F	**Profit Before Bonus and Taxes (E+3.11)**	**-17529.00**	**-33751.00**	**-16102.00**
3.12	Provision For Staff Bonus			
3.13	Provision For Tax			
G	**Net Profit/Loss (F-3.12 -3.13)**	**-17529.00**	**-33751.00**	**-16102.00**
4	**Ratios**			
4.1	Capital Fund to RWA	9.79%	10.51%	10.45%
4.2	Non-Performing Loan (NPL) to Total Loan	2.82%	4.83%	7.15%
4.3	Total Loan Loss Provision to total NPL	141.95%	96.00%	62.61%
4.4	Cost of Funds	14.46%	16.02%	9.96%
4.5	CD Ratio (Calculated as per NRB Directives)	181.38%	114.38%	110.82%
Note: Above financial Figures are Subjected to Change if instructed by statuary audit and regularity authority.				
Interest on deposit and Loan & Advance		**Deposit :** 7.5% to 10%	**Loan & Advance** 8.5% to 15%	

नोट: सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले थप/घट गर्न निर्देशनदिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व २०८०/८१ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**
(क) त्रैमासिक वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।
(ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मुल्य	तरलता अनुपात
(१६.५१)	(६९.१०)	२२१.३१	२१५८.०९	९.९९

२. **व्यवस्थापकिय विश्लेषण :**
(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुखकारण सम्बन्धि विवरण :**
आर्थिक वर्ष २०८०/२०८१ को दोश्रो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको तरलताको समस्यालाई व्यवस्थापन गरि कर्जा लागानी एंव बचत परिचालन गरिएको छ, व्यवस्थापकिय योजना अनुरुप संस्थाको नाफा वृद्धि हुन सकेको छैन । वित्तीय बजारमा देखिएको मन्दि निरन्तर रहेमा आगामी दिनमा योजना अनुरुपको प्रतिफल हासिल गर्न कठिन हुने देखिन्छ ।
(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण :**
प्रादेशिक स्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरु देखि नै वित्तीय पहुँच अभिवृद्धि गराई गरिबी घटाउने, वित्तीय समावेशिकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामिण क्षेत्रमा लघुवित्त सेवा विस्तार उद्देश्य अनुरुप लुम्बिनि प्रदेशका सम्पुर्ण जिल्लाहरुमा कार्यक्रम विस्तार गरि कार्यक्रम संचालन गरि थपकर्जा लगानी तथा बचत संकलनलाई वृद्धि गर्दै लैजाने देखिन्छ । यस वित्तीय संस्थामा आवद्ध परिवारको दिगो विकास एंव सुनिश्चित भविश्यका लागी संस्थाले छरिएर रहेको बचत संकलनलाई जोड दिदै आईरहेकोछ । सदस्यहरुको दिगोपनलाई ध्यानमा राखी उनिहरुमा स्वरोजगार सृजना गर्ने उद्देश्यले उद्यमशिल र उत्पादनशिल क्षेत्रमाकर्जा प्रवाहगरि दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ संस्था अग्रसर रहेकोछ । चालु आर्थिक वर्ष २०८०/२०८१ मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागी प्रविधिको उच्चतम प्रयोगमा सदस्य, कर्मचारीहरुको दक्षता एंव कार्य कुशलतामा अभिवृद्धि गर्न कर्मचारीको उत्पादकत्व वृद्धि गर्न एंव आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन तालिम, गोष्ठी कार्यक्रम संचालन भईरहेकोछ ।व्यवसायिक योजना अनुरुप लक्ष्य प्राप्तीका लागी आवश्यक कामहरु भईरहेका छन । वित्तीय संस्थाले प्रदानगर्ने सेवातथा सुविधाहरुलाई सदस्यको आवश्यक्ता अनुरुप समय सापेक्ष परिष्कृत गर्दै सदस्यहरुमा उद्यमशिलता तथा व्यवसायिक सीप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेकोछ ।
(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
सदस्य, ऋणी, कर्जाको आकार तथा कर्जा असुलीमा भएको सकारात्मक परिणामले गर्दा आगामी दिनमा वित्तीय संस्थाको कार्यक्रमको गुणस्तर सुदृढ भई आम्दानीमा अझ वृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ । लघुवित्त संस्थाहरुमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा तथा सदस्यहरुमा कर्जाको अधिकभार बढ्नुका साथै विभिन्न समुहहरुका नाममा फैलाईएको विकृतिले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न गएको छ । कर्जा सुचना केन्द्रको प्रभावकारीता वृद्धि हुदै जाँदा जोखिमहरु क्रमशः न्यून हुँदै जाने देखिन्छन् ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**
(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको ।
(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको ।
(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:**
(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ । वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथानियमको परिधिभित्र रही प्रवाहित गरिने छ । लगानीकर्ताहरुको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मूल्य सकारात्मकता तर्फ उन्मुख हुने आंकलन गर्न सकिन्छ ।
(ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार मिति २०८०/०७/०१ देखि २०८०/०९/२९ सम्मको अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ । (श्रोत : https://www.nepalstock.com)

अधिकतम मूल्य (रु.)	न्यूनतम मुल्य (रु.)	अन्तिम मूल्य (रु.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
१२६५	९५०	११४१.६	४९	१२७८

५. **समस्या तथा चुनौती:**
वित्तीय बजारमा बढ्दो तरलताको संकट एवं संघर्ष समितिका कारण सिर्जित समस्याका कारण सदस्यहरुको व्यवसाय तथा आय आर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकाल सम्म गहिरो प्रभाव पर्न सक्ने देखिन्छ । एकल संस्थावाट मात्र कर्जा लिने प्रावधानले तत्काल सदस्यहरुमा केही समस्या उत्पन्न हुन सक्ने जोखिम, वित्तीय श्रोतको अनिश्चितता, तरलता संकट र कर्मचारीहरुको दक्षता अभिवृद्धिमा कमि भई उत्पन्न हुन सक्ने जोखिम एवं नियमनकारी निकायवाट अप्रत्याशितरुपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले थप चुनौतीहरुको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन् ।

६. **संस्थागत सुशासन :**
नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीतिनियम तथा निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिबद्ध र प्रतिबद्ध रहँदै आएको छ । नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु तथा कानुनहरुको परिपालनामा विषेश ध्यान दिँदै आफ्ना शेयरधनीहरु, सर्वसाधारण सदस्यहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा सम्वर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

८. **नियम २६ को उपनियम (५) सग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण :** नभएको ।

नेपाल सरकार
नेपाल ट्रष्टको कार्यालय
कमलादी, काठमाडौं ।

लिज प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०।१०।२७ गते

नेपाल ट्रष्टको स्वामित्वमा रहेको निम्न लिखित जग्गामा निर्माण अवधि ३ वर्ष समेत जम्मा ३० वर्षको लागि व्यवसायिक कम्प्लेक्सको रुपमा प्रयोग गर्ने एवं भवन निर्माण गरी लिजमा लिन इच्छुक फर्म वा कम्पनीहरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ६० (साठी) दिनभित्र गोप्य सिलवन्दी प्रस्ताव आह्वान गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिबाट ३० दिनभित्र यस कार्यालयमा रू. २०,००० (पछि फिर्ता नहुने गरी) राष्ट्रिय बाणिज्य बैंकको खाता नं. १०००१००२०००१०००० कार्यालय कोड नं. ३०१०२३५०१ र राजस्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कल भौचर पेश गरी लिज प्रस्ताव सम्बन्धी कागजात (Lease Proposal Document) खरिद गर्न सकिनेछ । लिज प्रस्ताव सम्बन्धी विस्तृत जानकारीको लागि सूचना नेपाल ट्रष्टको Website: www.nepaltrust.gov.np मा हेर्न सकिनेछ । जग्गाको नाप नक्सा हेर्न, सम्बन्धित ठाउँको स्थलगत निरीक्षण गर्न वा अन्य कुरा बुझ्न परेमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

S.N	Contract Identification No.	Description and Location of Work	Minimum Evaluated lease amount in Net Present Value (NPV) for 30 years in NRs	Minimum Evaluated Lease Amount for 30 years in NRs	Discount Rate for calculation of NPV	Minimum average annual turnover of best 3 years within last 10 years in NRs
1	01/ONT/ 080-81	Leasing of land at Kamaladi (2-4-2-0 Ropani)	243,729,324.26	719,432,013.00	7%	15 Crore

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
शनिबार २७ माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

एनआरटी र एपिएफलाई च्याम्पियन बन्ने अवसर

मकवानपुर गोल्डकपको फाइनलमा पहिलोपटक एनआरटी र एपिएफ आज भिड्दै



प्रतियोगिताको फाइनलअघि दुवै टोलीका कप्तान र प्रशिक्षकहरू ट्रफीका साथमा।

मकवानपुरमा **पोष्टराज अधिकारी**

छैटौँ मकवानपुर गोल्डकप फुटबल प्रतियोगितामा शनिबार नयाँ विजेता निस्कने पक्का छ। उपाधि भिडन्तमा एनआरटी र एपिएफ पुगेका छन्। दुवै टोलीले अहिलेसम्म उपाधि हात पारेका छैनन्। पूर्वविजेताहरू फाइनलअगाडि नै बाहिरिएका थिए। साथै, साबिक विजेता मनाङ मर्स्याङ्दी क्लबले प्रतियोगितामा सहभागिता नजनाउँदा यसपटकको संस्करणमा नयाँ विजेता पाउने निश्चित भएको हो। एपिएफले आयोजक बागमती युवा क्लब सर्लाहीलाई ४-० ले निराश पार्दै अन्तिम दुई स्थान पक्का गरेको थियो।

एनआरटीले धनकुटाको राजारानीलाई सडन डेथमा स्तब्ध पार्दै फाइनल स्थान पक्का गरेको हो। दुवै टोली पहिलोपटक अन्तिम दुईमा पुगेका हुन्। ०६४ मा भएको पहिलो संस्करणको उपाधि श्री स्टार थियो। प्रतियोगिता नियमित हुन नसक्दा ०७६ बाट गोल्डकप आयोजना भयो। १३ वर्षपछि गोल्डकप हुँदा मकवानपुर ११ ले उपाधि जितेको थियो। ०७७ र ०७८ मा त्रिभुवन आर्मी क्लबले ट्रफी उचाल्यो। मनाङले पछिल्लो संस्करणको फाइनलमा हिमालयन शेर्पालाई १-० ले हराएको थियो।

यसपटक उपाधि दाबेदारमध्ये मानेका दुई टोली आर्मी र श्री स्टार आफूले सामना गरेको पहिलो खेलमै स्तब्ध भएका थिए। गत साता पोखरामा आर्मीले २३औँ आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा श्री स्टारलाई हराएको थियो। तीन दिनको अन्तरमा मनाङ र श्री स्टार मकवानपुर गोल्डकपबाट बाहिरिएका थिए।

■ उपाधि जित्ने दुवै टोलीको दाबी

वास्तवमा मकवानपुर गोल्डकपमा एनआरटी र एपिएफलाई उपाधि दाबेदारका रूपमा हेरिएको थिएन। तर, दुवैले प्रत्येक खेलमा उत्कृष्ट प्रदर्शन गर्दै फाइनलमा एक-अर्कालाई सामना गर्दै छन्। एपिएफ र एनआरटीका प्रशिक्षकले पहिलोपटक मकवानपुर गोल्डकपमा टोलीको नाम लेखाउने योजना भएको बताएका छन्। एनआरटी यस सिजनमा दोस्रो उपाधि जित्ने अभियानमा छ। १३ माघमा एनआरटीले एनआरएनए इलाम गोल्डकपको उपाधि हात पारेको थियो। अन्तिम दुईको यात्रामा एनआरटीले दुई खेलमा टाइब्रेकरमा जित निकालेको थियो।

एनआरटीका प्रशिक्षक जीवन सिंकेमानले खेलाडीप्रति विश्वास गर्दै उपाधि जित्नेमा आशावादी रहेको बताएका छन्। यद्यपि, फाइनलमा पुगेको एपिएफ बलियो रहेको उनी मान्छन्। 'एपिएफले गोल्डकपमा राम्रो खेलेको छ, यद्यपि एनआरटी कमजोर छैन, हामीसँग उत्कृष्ट खेलाडी छन्,' सिंकेमानले भने। एपिएफका प्रशिक्षक सुमन श्रेष्ठले एनआरटीलाई फाइनलमा रोक्न सबै प्रयास गर्ने बताए। उनी एक महिनाअघि मात्र एपिएफसँग आबद्ध भएका थिए। प्रशिक्षकमा रूपमा उनको दोस्रो फाइनल खेल हो।

यसअघि मकवानपुर गोल्डकपको पाँचौँ संस्करणको फाइनलमा उनले हिमालयनको प्रशिक्षण गरेका थिए। 'हामी उच्च मनोबलका साथ मैदानमा उत्रिनेछौँ, सम्भवतः यहाँबाट उपाधिसाथ नै फर्कनेछौँ,' श्रेष्ठले भने, 'हामीले सुरुवातदेखि नै उच्च प्रदर्शन गरेका छौं।'

■ दुवै टोलीको फाइनल यात्रा

एनआरटीले प्रिक्वार्टरफाइनलमा हिमालयनलाई ३-० हराएको थियो। एनआरटीले क्वार्टरफाइनलमा सहिद स्मारक 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेडलाई टाइब्रेकरमा ४-३ को जित निकालेको थियो। सेमिफाइनलमा एनआरटीले सडन डेथमा धनकुटाको राजारानी क्लबलाई हराएको थियो। एपिएफले पहिलो खेलमा मच्छिन्द्रलाई टाइब्रेकरमा ४-३ ले स्तब्ध पारेको थियो। एपिएफले क्वार्टरफाइनलमा पूर्वविजेता श्री स्टारलाई ४-० निराश बनायो। फाइनल प्रवेशका क्रममा बागमती क्लबलाई ४-० ले हराउँदै एपिएफले उपाधि भिडन्तमा एनआरटीसँगको भेट पक्का गरेको हो।

■ विजेताले १५ लाख पाउने

गत संस्करणको तुलनामा यसपटक विजेता धनराशि वृद्धि भएको छ। विजेताले १५ लाख रुपैयाँ हात पार्नेछ। उपविजेताले १० लाख जित्नेछ। प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले बुलेट मोटरसाइकल र विधागत उत्कृष्ट खेलाडी तथा प्रशिक्षकले जनही २५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन्। एनआरटीका कप्तान अशोक थापा र एपिएफका कप्तान मणि लामाले उपाधि आफूहरूले नै जित्ने दाबी गरेका छन्। उनीहरूले राम्रो खेलेकै कारण फाइनलसम्म पुगेको जनाए।

सुवासले जिते भारतीय गल्फ टुरको फुल कार्ड

नयाँ पत्रिका

नेपाल नम्बर एक एमेच्योर गल्फर सुवास तामाङले प्रोफेसनल गल्फ टुर अफ इन्डिया (पिजिटिआई)को फुल कार्ड प्राप्त गरेका छन्। भारतको जम्सेधपुरस्थित ७१ पारको गोलमुरी गल्फ क्लबमा शुक्रबार टाटा स्टिल पिजिटिआई क्वालिफाइङ स्कुलको अन्तिम दिन ४ अन्डर ६७ को स्कोर कार्डका साथ सुवास प्रतियोगितामै संयुक्त रूपमा दोस्रो स्थानमा रहे। उनले ७२ होलको प्रतिस्पर्धामा १३ अन्डर २ सय ७१ को रवाफिलो स्कोर गरेका थिए। यो प्रतियोगितामा माटियास डोमिङ्गेजले उपाधि हात पारेका छन्। उनले समग्रमा २० अन्डर २ सय ६४ को स्कोर निकाले। सुवासले भारतीयद्वय मोहम्मद सन्जु र एमेच्योर अंशुल कब्थियालसँग दोस्रो स्थान बाँडेका हुन्।

यसपटक पिजिटिआई क्यु-स्कुलमा सहभागी चार सय १९ गल्फरमध्ये भारतबाहेक १७ देशका ६१ खेलाडीले दाबेदारी प्रस्तुत गरेका थिए। क्वालिफाइङ स्कुलमा पहिलो दिनदेखि उत्कृष्ट प्रदर्शन गरेका उनले अन्तिम दिन पनि लोभलाग्दो प्रदर्शन गर्न सफल भए। उनले फ्रन्ट नाइन १ अन्डर ३४ र ब्याक नाइनमा उनले ३ अन्डर ३३ को स्कोर गरेका थिए। फ्रन्ट नाइनमा सुवासले दोस्रो, चौथो र नवौँ होलमा बर्डी प्रहार गरे। उनले पाँचौँ र सातौँ होलमा समान एक सट खेर फालेका थिए।

उनले पहिलो दिन ४ अन्डर ६७, दोस्रो दिन ५ अन्डर ६६ र तेस्रो दिन इभन पार ७१ स्कोर गरेका थिए।

यस प्रभावशाली प्रदर्शनमा सुवासले सन २०२४ को भारतीय गल्फ टुरका लागि फुल कार्ड प्राप्त गरेका छन्। यससँगै उनको प्रोफेसनल गल्फ करिअरको सुरुवात हुनेछ। उनी नेपाली एमेच्योर गल्फका अहिलेसम्मकै सर्वाधिक सफल गल्फर हुन्। उनले १३औँ दक्षिण एसियाली खेलकुद (साग)मा ऐतिहासिक दुई स्वर्ण जितेका थिए। यसपछि बंगलादेश ओपनमा सदभाव आचार्यसँग मिलेर टिमतर्फ पनि स्वर्ण जितेका थिए। बंगलादेशमा उनले व्यक्तिगततर्फ रजत हात पारे। टुरिजम कपमा पनि उनले नेपाललाई टिमतर्फ स्वर्ण दिलाएका थिए।

भारतमा विशेष प्रशिक्षण

सूर्य नेपाल गल्फ टुरमा सुवासले प्रोफेसनल गल्फरलाई कैयौँपटक पछि पारेका छन्। उनले पाँचपटक प्रोफेसनल र एमेच्योर दुवैतर्फको उपाधि जितिसकेका छन्। यसरी एमेच्योर रहँदै उनले घरेलु टुरमा सनसनी मच्चाएका थिए। नेपाल गल्फ संघले उनलाई विशेष प्रशिक्षणका लागि भारतको तरुण सरदेसाई एकेडेमीमा पठाएको हो। अहिले पनि उनी सोही एकेडेमीमा प्रशिक्षणरत रहेका छन्। उनले २०२४ मा फ्रान्समा आयोजना हुने पेरिस ओलम्पिकका लागि नेपाल ओलम्पिक कमिटीबाट स्कलरसिपसमेत पाएका छन्। अब सुवासले नेपाल नम्बर एक प्रोफेसनल गल्फर शुक्रबहादुर राईसँगै भारतीय गल्फ टुरमा प्रतिस्पर्धा गर्नेछन्। शुक्रले गत सिजनको अर्डर अफ मेरिटमा ५२औँ स्थानमा रहँदै आफ्नो कार्ड सुरक्षित राखेका थिए।



यू-१९ साफ महिला च्याम्पियनमा संयुक्त विजेता

टसबाट भारतलाई विजेता घोषणा गरेपछि बंगलादेशले विरोध जनायो, त्यसपछि आयोजकले दुवै टोलीलाई संयुक्त रूपमा विजेता घोषणा गऱ्यो



एजेन्सी

दक्षिण एसियाली फुटबल महासंघ (साफ) यू-१९ महिला च्याम्पियनसिपमा भारत र बंगलादेशलाई संयुक्त विजेता घोषणा गरिएको छ। प्रतियोगिताको उपाधि भिडन्तमा भारत र बंगलादेशले निर्धारित समयमा १-१ को बराबरी गोल गरेका थिए। त्यसपछि उपाधिको छिनोफानो टाइब्रेकरबाट भयो। जसमा भारत र बंगलादेशले ११-११ गोल गरेका थिए। निर्धारित र टाइब्रेकरमा समेत बराबरी भएपछि म्याच रेफ्रीले टसका आधारमा भारतलाई विजेता घोषणा गरे। तर, साफको नियममा टसमार्फत विजेता घोषणा हुन नसक्ने भन्दै बंगलादेशले विरोध जनायो।

अफिसियलहरूले बंगलादेशलाई मैदान छाड्न आग्रह गरेका थिए। तर, बंगलादेशी खेलाडी र अफिसियलहरूले प्रतियोगिताको नियमविपरीत टस गरेको र यसैका आधारमा विजेता बनाएको भनी मैदान छाड्न अस्वीकार गरे। त्यसपछि आयोजक साफले दुवै टिमलाई संयुक्त घोषणा गऱ्यो। भारत र बंगलादेश संयुक्त रूपमा विजेता घोषणा भएपछि फाइनल विवाद साम्य भयो।

प्रतियोगितामा नेपालले पनि सहभागिता जनाएको थियो। नेपालले समूह चरणमा भारत र बंगलादेशसँग हारको सामना गरेको थियो। नेपालले भुटानलाई १-० ले हराएको थियो। चार देशबीच भएको प्रतिस्पर्धामा राउन्ड रोबिन लिगको शीर्ष दुई टोली भारत र बंगलादेश फाइनलमा पुगेका थिए।

बंगलादेशी समर्थकको उपद्रो

अफिसियलले नियमविपरीत भारतलाई विजेता घोषणा गरेपछि रंगशालामा बंगलादेशी समर्थकले उपद्रो मच्चाए। उनीहरूले मैदानमा ढुंगामुढा गरेका थिए। अफिसियलतर्फ लक्षित हुँदै बंगलादेशी समर्थकले बोतल प्रहार गरे। करिब एक घन्टासम्म मैदानभित्र बंगलादेशी खेलाडी र बाहिर समर्थकले विरोध जनाइरहेका थिए।

प्रतियोगिताका म्याच कमिस्नरले दुवै पक्षसँग वार्ता गरेका थिए। अल इन्डिया फुटबल फेडेरेसनले दुवै टोलीलाई विजेता बनाएपछि विवाद साम्य भएको हो। यसअघि म्याच अफिसियलले दुवै टोलीका कप्तानलाई टसका लागि आग्रह गरेका थिए। टसमा भारतको पक्षमा आउँदा खेलाडीले च्याम्पियनको खुसी मनाए।

उत्कृष्ट विधामा क्रिकेट र एथलेटिक्सको दबदबा

२८ माघमा आयोजना हुने अवार्डको शुक्रबार चार व्यक्तिगत विधातर्फ तीन खेलाडी समेट्दै अन्तिम मनोनयन सार्वजनिक

नयाँ पत्रिका

एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड ०७९ को वर्ष उत्कृष्ट प्रशिक्षक, पुरुष र महिला खेलाडीको अन्तिम मनोनयन सार्वजनिक भएको छ। नेपाल खेलकुद पत्रकार मञ्चले २८ माघमा आयोजना गर्ने अवार्डको शुक्रबार चार व्यक्तिगत विधातर्फ तीन खेलाडी समेट्दै अन्तिम मनोनयन सार्वजनिक गरेको हो। यसपटक पहिलो चरणमा चार विधाका समान आठजनालाई मनोनयनमा राखिएको थियो। मञ्चको खेलाडी छनोट समितिले अन्तिम मनोनयनको घोषणा गरेको हो। यसमा क्रिकेट र एथलेटिक्सले दबदबा राखेका छन्।

पुरुष : वर्षको उत्कृष्ट पुरुष विधामा तीनजना खेलाडी सार्वजनिक हुँदा क्रिकेटका दुईजना परेका छन्। थप एकजना एथलेटिक्स खेलाडी हुन्। क्रिकेटबाट आसिफ सेख र कप्तान रोहितकुमार पौडेल छनोटमा परे। एथलेटिक्सका दीपक अधिकारी रहेका छन्। गत वर्ष रोहितको कप्तानीमा नेपालले आइसिसी विश्वकप लिग-२ मा १२ मध्ये ११ खेल जित्दै एकदिवसीय मान्यता रक्षा गरेको थियो। रोहितले ०७९ को वर्षमा २७ एकदिवसीयमा चार अर्धशतकसँगै ६ सय ७९ रन जोडेका थिए। यसैगरी, शेखले एकदिवसीय खेलमा एक हजार ९३ रन जोडे। उनले लिग-२ मा पपुवा न्युगिनीविरुद्ध एक सय १० रन बनाए। एथलेटिक्सका अधिकारीले एसियाली क्रस कन्ट्रीमा दुई स्वर्ण र घरेलु प्रतियोगितामा चार स्वर्ण हात पारेका थिए। उनले १६औँ एसियाली क्रस कन्ट्रीअन्तर्गत १० किमिमा स्वर्ण हात पारे। नवौँ राष्ट्रिय खेलकुदमा समेत उनले १० किमिमा शीर्ष स्थान रक्षा गरे।

महिला : यस विधामा एथलेटिक्सका दुई र बास्केटबलबाट एकजना खेलाडी अन्तिम छनोटमा परेका छन्। बास्केटबलकी अनुशा मल्लले माल्दिभ्समा भएको साबा महिला च्याम्पियनसिपमा रजत जितेकी थिइन्। नेपालले खेलेका तीनमध्ये दुई खेलमा सर्वाधिक स्कोरकर्ता बनेकी थिइन्। यसैगरी, एथलेटिक्सकी पुष्पा भण्डारीले बंगबन्धु शेख मुजिब ढाका म्याराथनमा राष्ट्रिय कीर्तिमानसहित स्वर्ण हात पारेकी थिइन्। उनले सहारा र कान्तिपुर हाफ म्याराथनमा रजत जितेकी थिइन्। एथलेटिक्सकै राजपुरा पछाईले १६औँ एसियन क्रसकन्ट्री च्याम्पियनसिप १० किमिमा रजत पदक हात पारिन्। वीर गणेशमान सिंह र धरान १० किमि रोड रेसमा उनले स्वर्ण जितिन्। कान्तिपुर, पोखरा, लुम्बिनी, इलाम माइपोखरी र प्रधानसेनापति हाफ म्याराथनमा उनी स्वर्ण विजेता खेलाडी हुन्।

प्रशिक्षक : मञ्चले सार्वजनिक गरेको वर्षको उत्कृष्ट प्रशिक्षकमा चन्द्र गुरुङ (एथलेटिक्स), बक्सिङका दीपक महर्जन र क्रिकेटका जगत टमाटा अन्तिम तीन सूचीमा परेका छन्। गुरुङको प्रशिक्षणमा नेपालले १६औँ एसियाली क्रसकन्ट्री च्याम्पियनसिपमा दुई स्वर्ण जितेको थियो। बंगबन्धु शेख मुजिब ढाका म्याराथनमा नेपालले एक स्वर्ण र दुई कांस्य जित्दाका उनी नै प्रशिक्षक थिए। यसैगरी, बक्सिङमा महर्जनको प्रशिक्षणमा नेपालले एएसबिसी यू-२२ एसियाली महिला तथा पुरुष बक्सिङ च्याम्पियनसिपमा एक रजत र तीन कांस्य पदक हात पारेको थियो। सो च्याम्पियनसिपमा सुष्मा तामाङले रजत जितेकी थिइन्। यसैगरी, क्रिकेटका टमाटाको प्रशिक्षणमा नेपालले आइसिसी यू-१९ विश्वकप क्रिकेटमा नेपाललाई आठ वर्षपछि स्थान बनाएको थियो।

युवा : यस विधामा क्रिकेटका देव खनाल, एथलेटिक्सकी राममाया बुढा र बक्सिङकी सुष्मा तामाङ अन्तिम मनोनयनमा परेका छन्। क्रिकेटका देवको कप्तानीमा नेपालले आठ वर्षपछि यू-१९ विश्वकपमा स्थान सुरक्षित गरेको थियो। उनकै कप्तानीमा नेपालले युएईलाई फाइनलमा पराजित गरी एसिया छनोटको उपाधि जितेको थियो। उनले पाँच खेलमा एक सय ९७ रन जोडेका थिए। यसैगरी, एथलेटिक्सकी राममायाले १६औँ एसियाली क्रसकन्ट्री च्याम्पियनसिपमा जुनियर व्यक्तिगत र टिम इभेन्टमा रजत हात पारेकी थिइन्।

उनले एपिएफ परिवार महिला संघ हाफ म्याराथनमा स्वर्ण जितेकी थिइन्। गोल्डेन एथलेटिक्स मिटको १५ सय मिटर दौडमा स्वर्ण जितेकी राममाया देवदह हाफ म्याराथनमा शीर्ष स्थानमा रहिन्। यसैगरी, बक्सिङकी सुष्माले गत वर्ष एएसबिसी यू-२२ एसियन महिला तथा पुरुष बक्सिङ च्याम्पियनसिपमा ऐतिहासिक रूपमा रजत जितेकी थिइन्। नेपालले एसियालीस्तरमा जितेको अहिलेसम्मको ठूलो पदक हो। एएसबिसी यू-२२ च्याम्पियनसिपमा रजत जितेपछि उनी सीधै महिला वर्ल्ड बक्सिङ च्याम्पियनसिपमा छनोट भइन्। नवौँ राष्ट्रिय खेलकुदमा महिला ४८ केजी तौलमा बागमती प्रदेशका लागि उनले स्वर्ण हात पारेकी थिइन्।


खेल संक्षेप

गोल्डेनपिकलाई उपाधि

काठमाडौं/ ग्रिनल्यान्ड, आयोजक भ्याली पब्लिक र गोल्डेनपिकले १६औँ भ्याली पब्लिक अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि शुक्रबार जितेका छन्। ग्रिनल्यान्ड सिनियर पुरुषमा, भ्याली पब्लिक सिनियर महिलामा र गोल्डेनपिक जुनियर पुरुषमा च्याम्पियन बनेका छन्। सिनियर पुरुषको फाइनलमा ग्रिनल्यान्डले भ्याली पब्लिकलाई ५३-४७ ले पराजित गऱ्यो। सिनियर महिलातर्फको उपाधि भिडन्तमा भ्याली पब्लिकले श्री सत्यसाईलाई ५०-३८ ले हरायो। जुनियर पुरुषको फाइनलमा गोल्डेनपिकले भ्याली पब्लिकलाई ४३-२३ ले पाखा लगायो। सिनियर पुरुषमा ग्रिनल्यान्डका प्रवीण गुरुङ, सिनियर महिलामा भ्याली पब्लिककी लोरिसा गौचन र जुनियर पुरुषमा गोल्डेनपिकका जिम्मे शेर्पा 'मस्ट भेल्लुएबल प्लेयर' घोषित भए।

ग्रिनफिल्ड च्याम्पियन

काठमाडौं/ ग्रिनफिल्ड नेसनल स्कुलले एनप्याब्सन खेलकुद सप्ताहको अन्तिम दिन शुक्रबार पुरुष बास्केटबलको उपाधि जितेको छ। ग्रिनफिल्डले फाइनलमा बोधिसदनलाई ३१-१६ ले पराजित गऱ्यो। टेबलटेनिसको पुरुष एकलमा युनिभर्सलका निरेश गौतम तथा महिला एकलमा आरुणीकी इच्छा चापागाईंले स्वर्ण जितेका छन्। एथलेटिक्सको सय मिटर दौड पुरुष महाकवि देवकोटाका विक्रम विष्ट र महिलामा माउन्ट ग्लोरीकी पूजा विक शीर्ष स्थानमा रहे। दुई सय मिटर दौडको पुरुषमा वीरसेवाका अर्निक्स विक र महिला पिपुल्स एकेडेमीकी अन्जु थापा च्याम्पियन बने।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com